सौर्य दैनिक
SOURYA NATIONAL DAILY

मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
मेगा बृहत्‌ बचत खाता
९.२५%* वार्षिक ब्याजदर
*थप ०.५०% शाखाद्वारा प्रदान गर्न सकिने ।
The Banker Bank of the Year 2019 NEPAL
विश्वास जित्दै... अघि बढ्दै...
MEGA

वर्ष ८ | अंक ३१८ | शुक्रबार, ३ माघ २०७६ | Friday, 17 January 2020 | www.souryadaily.com | पृष्ठ : ८ | मूल्य रू. ५

रक्तचन्दन भारत फिर्ता पठाइने

रासस

काठमाडौं । सरकारले लामो समयदेखि सड्ने अवस्थामा पुगेको करिब पौने दुई लाख किलोग्राम रक्तचन्दन काठ उत्पत्ति मुलुक भारत फिर्ता लैजान स्वीकृति दिएको छ । सरकारले परराष्ट्र मन्त्रालयमार्फत भारतको सम्बन्धित अधिकारीलाई 'दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि' (साइटिस) र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम सो स्वीकृति दिएको हो ।

सो निर्णय गत पुस २८ गते बसेको मन्त्रिपरिषद् बैठकले गरेको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सार्वजनिक गरेको निर्णयअनुसार जम्मा एक लाख ७३ हजार ७१ केजी रक्तचन्दन काठ जेजस्तो अवस्था र स्थानमा छ, सोही अवस्था र स्थानबाट आफ्नै खर्चमा ९० दिनभित्र उत्पत्ति मुलुक भारत फिर्ता लैजान स्वीकृति दिइएको हो ।

सो रक्तचन्दन विभिन्न समयमा अवैधरूपमा चीन लैजान खोज्दा बरामद भएको हो । बरामद रक्तचन्दन १२ वर्षदेखि बबरमहलस्थित वन विभाग, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, सप्तरी, सर्लाही, झापा, नवलपरासी, कपिलवस्तु, रुपन्देहीलगायत २० जिल्लामा कडा सुरक्षाका साथ राखिएको छ । सबैभन्दा बढी परिमाण वन विभाग परिसरमा रहेको छ ।

वन तथा भू-संरक्षण विभागका अनुसार उक्त काठ भारतका आन्ध्र प्रदेश, कर्नाटक र तामिलनाडु राज्यबाट नेपालका विभिन्न सीमा नाका हुँदै चीनतर्फ तस्करी हुने क्रममा बरामद गरिएको हो । नेपाल सन् १९७५ जुन १८ मा साइटिसको पक्ष राष्ट्र बनेको हो । महासन्धिको व्यवस्थाविपरीत नेपाल प्रवेश गरेका रक्तचन्दन बरामद गरिएको थियो । 'संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७३' ले बरामद रक्तचन्दनको सहज व्यवस्थापन गर्ने कानुनी बाटो खोलेको हो ।

बाँकी पृष्ठ २

ओली र प्रचण्डबीच भेटवार्ता

संसद बैठकअघि सभामुख चयन !

सौर्य समाचार

काठमाडौं । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले संसद बैठकअघि सभामुखको उम्मेदवार टुंगो लगाउने तयारी गरेको छ । लामो समयदेखि सभामुख चयन हुन नसक्दा संसद बैठक बस्न नसकिरहेका बेला नेकपाले सकेसम्म शुक्रबारसम्म नाममा सहमति जुटाउने प्रयास थालेको हो । केही समयको संवादहीनतापछि बिहिबार दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डबीच बालुवाटारमा चलेको लामो बैठकले सहमति खोज्ने निर्णय गरेको छ ।

अधिकतम लचकता अपनाइ शुक्रबारसम्म जसरी पनि नाममा सहमति जुटाउने विषयमा छलफल भएको बालुवाटार स्रोतले जानकारी दिएको छ । अढाई घण्टासम्म चलेको ' वान टू वान' वार्तामा पछिल्लो समयदेखिएका असमझदारीका विषयमा खुलेर कुराकानी भएको थियो । प्रधानमन्त्री निवास बालुवाटार पुगेका अध्यक्ष दाहाल र ओलीबीच सभामुख शुक्रबारभित्रै टुंग्याउने सहमति भएको एक नेताले जानकारी दिएका छन् । 'शुक्रबार पुनः छलफल गरेर सभामुख टुंग्याउने निर्णय भएको छ', बालुवाटार स्रोतले भन्यो । प्रधानमन्त्री ओली निकट स्रोतका अनुसार, जो सभामुख भए पनि शुक्रबारभन्दा उता नलैजाने सहमति जुटेको छ । सभामुख बारेको अनिर्णयलाई नलम्ब्याइनेमा दुवै अध्यक्ष सहमत भएका हुन् ।

> अध्यक्ष दाहाल र ओलीबीच सभामुख शुक्रबारभित्रै टुंग्याउने सहमति भएको छ । जो सभामुख भए पनि शुक्रबारभन्दा उता नलैजाने सहमति जुटेको छ । यद्यपी सभामुख कसलाई बनाउने भन्ने बारेमा दुवै अध्यक्षले अहिलेसम्म केही कुरा खोलेका छैनन् । सभामुख बारेको अनिर्णयलाई नलम्ब्याइनेमा भने दुवै अध्यक्ष सहमत भएको बालुवाटार स्रोतले जानकारी दिएको छ

महासचिव विष्णु पौडेलले सोमबार बस्ने संसद बैठकअघि सभामुखमा सहमति जुटने बताए । उनले अबको बैठकबाट सभामुख चयनको प्रक्रिया अगाडी बढने जानकारी दिए । 'माघ ६ गतेअघि नै सबै विषयलाई समाधान गर्नेगरी छलफल अघि बढेको छ । माघ ६ गतेको संसद बैठकबाट सभामुखको निर्वाचन प्रक्रिया शुरु हुन्छ,' महासचिव पौडेलले भने, 'पछिल्लो छलफल पनि निकै सकारात्मक भएको छ । बैठक पनि समाधानउन्मूख छ ।'

सभामुख चयन नहुँदा अन्य शक्तिले नेकपाभित्र खेल्ने खोजेको निष्कर्षमा दुवै अध्यक्ष भने पुगेका छन् । 'यही विषयलाई लिएर केही नेताले प्रचण्डले पार्टीसमेत फुटाउन सक्ने खालको अभिव्यक्ति दिएको विषयमा पनि गम्भीर छलफल भएको छ', स्रोतले भन्यो, 'यस्ता शक्तिहरू खेल्न नपाउन भन्नका लागि पनि सभामुख चयन चाँडै गर्नुपर्छ भन्ने निष्कर्ष उहाँहरूबीचको हो ।' प्रचण्ड केही दिनको अन्तरालपछि मात्र बिहीबार दिउँसो बालुवाटार पुगेका थिए । उपाध्यक्षमा प्रस्ताव गरिएका सचिवालय सदस्य बामदेव गौतमको घरमा ओली इत्तरका नेतासँग प्रचण्डले भेटेपछि ओली चिढिएका थिए । त्यसबीचमा दुई अध्यक्षबीच राम्रोसँग कुरासमेत हुन सकेको थिएन ।

उनीहरूबीच लामो समयदेखि सभामुख कसलाई बनाउने भन्नेमा विवाद रहँदै आएको छ । बिहीबारको छलफलमा पनि दुवै अध्यक्षले अडान भने नछाडेको स्रोतको भनाइ छ । जसले गर्दा मध्यमार्गी समधान निस्कने सम्भावना पनि कायमै छ । प्रधानमन्त्रीसमेत रहेका ओली अझै पनि सभामुखमा सुवास नेम्वाङ होऊन् भन्ने चाहाना राखिरहेका छन् । तर, प्रचण्ड भने सहमतिअनुसार सभामुख पूर्वमाओवादीले नै पाउनुपर्ने अडानमा पछि हटेका छैनन् ।

दुवै अध्यक्षको अडानकाबीचमा उपसभामुख शिवमाया तुम्बाहाम्फेले तत्काल राजीनामा नदिने बताएपछि नेकपाभित्र थप जटिलता उत्पन्न भएको छ । उनले पहिलो सभामुखको नाम तय

बाँकी पृष्ठ २

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

दुई सन्तानसहित दम्पत्तिले त्रिशूलीमा हाम्फाले

विवेक अर्याल

धादिङ । दुई सन्तानसहित एक दम्पत्तिले त्रिशूली नदीमा हाम्फालेका छन् । बिहीबार साँझ थानकोटका विनय लामिछानेले श्रीमति र दुई छोरासहित त्रिशूली नदीमा हाम्फालेका हुन् ।

६ महिना र २ वर्षका दुई छोरासहित बिहीबार साँझ बेनिघाट रोराङ-१ स्थित झलुंगे पुलबाट त्रिशूली नदीमा हाम फाल्दा विनयकी श्रीमति जमुनाको मृत्यु भएको छ । काठमाडौंको थानकोटका करिब ३५ वर्षीय विनय, श्रीमती र २ छोरा ससुराली पुगेर घर फर्किदै गरेका थिए । धादिङ प्रहरी प्रमुख रविन्द्र रेग्मीका अनुसार विनयको सकुशल उद्धार भएको छ । श्रीमती मृत फेला परेकी छिन् भने दुई सन्तान बेपत्ता छन् । उद्धार गरिएका विनयको उपचार भइरहेको छ । बेपत्ताको खोजी भइरहेको एसपी रेग्मीले जानकारी दिए ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार विनय परिवारसहित गोरखाको ध्याल्चोकस्थित ससुराली पुगेर घर फर्कदै थिए । बिहीबार साँझ साढे ६ बजे घटना भएको प्रहरीले जनाएको छ । घटना

बाँकी पृष्ठ २

गौरवपूर्ण इतिहासको 'एकीकरण मार्ग'

सिबी अधिकारी/रासस

काठमाडौं । आधुनिक नेपालको एकीकरण अभियानसँग सम्बन्धित ऐतिहासिक सम्पदा र स्थललाई समेटेर 'एकीकरण मार्ग' निर्माण गरिने भएको छ ।

नेपाल एकीकरणका नायक तत्कालीन पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरण अभियानमा योद्धाहरूले हिँडेको बाटो, बनाएका दरबार, किल्ला तथा गढीलाई एकआपसमा जोडेर राष्ट्रिय एकताको भावना जागृत गर्ने उद्देश्यले एकीकरण मार्ग बनाउन लागिएको हो । 'नेपाल भ्रमण वर्ष २०२०' अभियानलाई लक्षित गरेर नेपाली सेनाले एकीकरण मार्ग निर्माण गर्न लागेको हो । एकीकरणको दौरानमा प्रयोग गरिएका बाटो तथा लडाइँ लडेका गढी एवं किल्ला सबैलाई समेटी उक्त स्थानको व्यवस्थित ढंगबाट संवर्द्धन र जर्गेना गर्ने लक्ष्य रहेको छ । संघीय सरकार तथा स्थानीय तहको सहयोग र समन्वयमा नेपाली सेनाले एकीकरण मार्गको अवधारणाअघि बढाएको हो ।

पुर्खाको गौरवपूर्ण इतिहासको महत्व दर्साउने र सो मार्फत राष्ट्रिय एकताको भावना जागृत गर्ने एवं सर्वसाधारणलाई समेत सम्मिलित गराई विविध गतिविधि सञ्चालन गर्ने उद्देश्यले पदमार्ग निर्माणको अवधारणा ल्याइएको सेनाले जनाएको छ । एकीकरण मार्गको आगामी फागुन अन्तिम साता काभ्रे जिल्लाबाट शुभारम्भ गरिनेछ । क्रमशः सातै प्रदेशका जिल्लामा एकीकरण मार्ग सञ्चालन गरिनेछ । चालू आवको नीति तथा कार्यक्रममा समावेश भएका सो पदमार्ग निर्माणका लागि यसै आर्थिक वर्षमा बजेट विनियोजन भई कामअघि बढेको सेनाले जनाएको छ ।

उक्त अवधारणलाई कार्यान्वयनमा लैजान विज्ञ तथा सरोकारवालाको राय सुझावका लागि नेपाली सेनाले आज मुख्यालयमा तीन दिवसीय 'बृहत् एकीकरण पदमार्ग सेमिनार' आयोजना गर्‍यो । कार्यक्रमको उद्घाटन गर्दै प्रधानसेनापति पूर्णचन्द्र थापाले नेपालीबीच देशभक्तिको भावना विकसित गराई राष्ट्रिय एकताको भावना सबल बनाउने तथा गौरवपूर्ण इतिहासको जगेर्ना गर्दै भविष्य देखाउने उद्देश्यका साथ एकीकरण पदमार्ग सञ्चालन गर्न लागिएको बताए ।

उनले भौतिक संरचनाको निर्माण तथा संरक्षणका साथै एकीकरण अभियानसँग सम्बन्धित ऐतिहासिक स्थलको संरक्षणका लागि स्थानीयको सहभागितामा एकीकरण पदमार्ग सञ्चालन गरिने उल्लेख गरे । प्रधानसेनापति थापाले इतिहासको संवर्द्धन र प्रवर्द्धन गर्दै नेपाली जनमानसमा एकताको भावना सिर्जना गर्न तथा विविध सोच एकीकृत गरी राष्ट्रिय विकास र समृद्धिका लागि एकाकार हुन एकीकरण मार्ग महत्वपूर्ण प्रेरक तत्व हुनसक्ने बताए । राष्ट्रिय सुरक्षाको महत्वपूर्ण आधार राष्ट्रिय एकता भएको उल्लेख गर्दै उनले भने, 'जन्मेदेखि स्वतन्त्र र स्वाधीन देश नेपाल संसारमा वीर गोर्खा र पूर्वजको पौरख, वीरता र देशभक्तिको अनुपम नमुना हो । पुर्खाको नासोलाई संरक्षण गर्दै विकास र समृद्धिलाई सार्थक बनाउने संयुक्त दायित्व पूरा गर्न हामी यसै दिशामा केन्द्रित छौं ।'

प्रधानसेनापति थापाले समयक्रममा संघीय गणतन्त्र नेपाल निर्माण भएको र यसको दिगोपनका लागि पृथ्वीनारायण शाहकालीन राष्ट्रिय चरित्रको विकास आजको आवश्यकता भएको उल्लेख गर्दै 'समृद्ध नेपाल सुखी नेपालीको' राष्ट्रिय सोचलाई वास्तविकतामा परिणत गर्ने कार्यमा पनि फरक

बाँकी पृष्ठ २

चम्ल्याहा शिशुको जन्म

सौर्य समाचार

पोखरा । पोखराको मनिपाल शिक्षण अस्पतालमा २६ वर्षीया महिलाले चम्ल्याहा शिशुलाई जन्म दिएकी छन् । स्याङ्जाको पुतलीबजार नगरपालिका-१ की २६ वर्षीया सुनीता पौडेल प्रधानले बिहीबार बिहान ९ बजे ३ छोरी र १ छोरालाई जन्म दिएकी हुन् । चारैजना शिशु र आमाको स्वास्थ्य ठीक रहेको अस्पतालले जनाएको छ ।

डा. महेन्द्र पाण्डेको नेतृत्वमा शल्यक्रियामार्फत चार बच्चाको जन्म दिइएको हो । पहिलो बच्चा छोरी, त्यसपछि छोरा र बाँकी दुई छोरीलाई जन्म दिएकी थिइन् । डा. पाण्डेका अनुसार पहिलो बच्चा छोरी डेढ केजीकीलाई ९ बजेर ४९ मिनेटमा निकालिएको थियो । त्यसपछि दोस्रो बच्चा छोरा (१.३ केजी), तेस्रो र चौथो बच्चा छोरीहरू (१.३ र १.४ केजीका) लाई ९ बजेर ५० मिनेटमा निकालिएको हो । डाक्टर पाण्डेका अनुसार अहिले नवजात शिशु र आमाको स्वास्थ्य सामान्य रहेको छ । तौल कम भएकाले चारै नवजात शिशुलाई सघन कक्षमा राखिएको बताइएको छ ।

पाण्डे नेतृत्वमा ७ चिकित्सक र स्वास्थ्यकर्मीको पहलमा करिब ४० मिनेट लगाएर शल्यक्रियामार्फत बच्चाको जन्म गराइएको थियो । 'भिडियो एक्सरे गर्दा तीनवटा बच्चामात्रै देखिएको थियो' पाण्डेले भने, 'तर शल्यक्रिया गर्दा चारवटा भेटिए ।' पाण्डेका अनुसार प्रति ८ लाखमा एकजनाले चम्ल्याहा जन्माउने गर्छन् ।

सुनीताको यो दोस्रो गर्भ थियो । ३४ साता ४ दिनमा उनले चार सन्तान जन्माएकी हुन् । उनको ५ वर्षीय एक छोरा छन् । गत आइतबार उनी प्रसूतिका लागि मनिपाल भर्ना भएकी थिइन् । यसअघि काठमाडौंको सिनामंगल अस्पतालमा पनि खगित्रा शाहीले एकैपटक चार शिशुलाई जन्म दिएकी थिइन् ।

माडी आयोजनाको सम्भाव्यता अध्ययन सुरु

सौर्य समाचार

काठमाडौं । सरकारले १५६ मेगावाट क्षमताको माडी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणका लागि प्रारम्भिक प्रक्रिया सुरु गरेको छ । चिनियाँ राष्ट्रपतिले गत असोज २५ र २६ गते गरेको नेपालको दुई दिवसीय राजकीय भ्रमणको क्रममा भएको सहमतिका आधारका सरकारले आयोजनाको काम सुरु गरेको हो । चिनियाँ राष्ट्रपतिको भ्रमणको क्रममा नै सो आयोजना अगाडि बढाउने सम्बन्धी समझदारीपत्रमा सरकारी स्वामित्वको एचआइडिसिएल र चीनको पावर चाइनाका बीचमा समझदारी भएको थियो । सोही समझदारीका आधारमा आयोजना थप कामका लागि बिहीबार रोल्पाको माडीचौरमा आयोजनाको सम्पर्क कार्यालय स्थापना गरिएको हो ।

उर्जा, जलस्रोत तथा सिचाइँमन्त्री वर्षमान पुनले आयोजना क्षेत्र माडीचौरमा सम्पर्क कार्यालयको स्थापनासँगै आयोजनाको सम्भाव्यता अध्ययनको काम सुरु भएको हो । सो आयोजना प्रदेश-५ को ठूला मध्येको एक आयोजना हो ।

आयोजनामा चीनकै ठूलो जलविद्युत् लगानी तथा उत्पादन कम्पनी पावर चाइना र नेपालको सरकारको स्वामित्वको हाइड्रो इलेक्ट्रिसीटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको संयुक्त लगानी हुनेछ । सम्पर्क कार्यालयको उद्घाटन गर्दै उर्जामन्त्री पुनले माडी आयोजना प्रदेश- ५ कै 'गेम चेन्जर' परियोजना हुने बताए । 'राप्ती बेसीनमा १४ वटा विभिन्न आयोजना निर्माण हुने चरणमा छन् । ती मध्येको महत्वपूर्ण यो आयोजना प्रदेश-५ कै गेमचेन्जर हुनेछ,' मन्त्री पुनले भने । उनले आयोजना समयमै निर्माण सम्पन्न हुने उल्लेख गरे । 'यस्ता आयोजनाको सम्भाव्यता अध्ययन दुई वर्ष लाग्छ तर यो आयोजनाले १८ महिनामा विस्तृत अध्ययन सक्ने र निर्माण प्रक्रियामा जानेछ', मन्त्री पुनले भने, 'पावर चाइना र एचआइडीसिएलले यो आयोजनाको निर्माण गर्दैछन् । दुवै अनुभवी कम्पनी हुन् र समयमै गुणस्तरीय रूपमा निर्माण सम्पन्न हुने विश्वास छ ।' मन्त्री पुनले माडी जलाशययुक्त बहुउद्देश्यीय आयोजना भएको बताउँदै जलविद्युत् आयोजना सम्पन्न भएलगतै त्यहाँको पानीलाई दाङ लगेर सिचाइँसमेत हुने बताए । यो आयोजनाले 'समृद्ध रोल्पा, सुखी रोल्पाली'को हाम्रो आकांक्षालाई पूरा गराउन सघाउ पुर्‍याउने मन्त्री पुनको विश्वस छ । कार्यक्रममा पावरचाइना यूरेसियाका उपाध्यक्ष पान टेनक्वूले यो आयोजना निर्माण तथा लगानी गर्न पाउँदा गौरवान्वित भएको बताए । उनले पावर चाइनाले नेपालमा १० आयोजना निर्माण गरेको बताउँदै यो आयोजना समयमै सम्पन्न गर्ने बताए ।

भ्रमण वर्षभरि कविलास रिसोर्टमा आकर्षक छुट

सौर्य समाचार

काठमाडौ । सरकारले हालै भ्रमण वर्ष २०२० को भव्यरूपमा शुभारम्भ गरेको छ । यस सन्दर्भमा कविलास रिसोर्ट एन्ड फनपार्क प्रालिले आकर्षक सुविधा र छुट सहित सेवा आरम्भ गरेको छ । राजधानीस्थित सञ्चार केन्द्र नेपालको हलमा कविलास रिसोर्ट एन्ड फनपार्क प्रालिले पत्रकार सम्मेलनमार्फत भ्रमण वर्षलाई लक्षित गरी आफूले प्रदान गर्ने सेवा सुविधाहरूका बारेमा जानकारी गराएको छ ।

कार्यक्रममा कविलास रिसोर्ट एन्ड फनपार्क प्रालिका अध्यक्ष बाबुराम उपाध्यायले भ्रमण वर्ष २०२० लाई मध्यनजर गरी आकर्षक छुट र सुविधाको व्यवस्थासहित कबिलास रिसोर्ट एन्ड फनपार्क प्रालि. स्थापना गरिएको बताए । 'भ्रमण वर्ष २०२० भर यस रिसोर्टले रिसोर्टमा आई रात बिताउने ग्राहकहरूको लागि बिहानको ब्रेकफास्ट र स्विमिङ निशुल्क गरिएको र फनपार्कको सबैको खेलमा २० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ'- अध्यक्ष उपाध्यायले बताए । अन्य उत्पादन र सम्भावना खासै नभएको तर प्राकृतिक सुन्दरता भएकाले आफूहरूले त्यस ठाउँमा सो रिसोर्ट सञ्चालनमा ल्याएको बताए । सो रिसोर्टमा २०० जनासम्म बस्ने लजिङको सुविधा भएको, पारिवारिक रूपमा बस्न मिल्ने, आफैँले पकाएको खान मिल्ने, ७ वटा पारिवारिक भिल्लाको व्यवस्था, फनपार्क, र वाटरपार्क, स्विमिङ पुलजस्ता आकर्षण सुविधाहरू रहेका बताए । साथै अर्ग्यानिक फार्म हाउस, खेतीपाती, कुखुरा पालन, बाखा पालन, हाँस, नर्सरीको समेत व्यवस्था भएको अध्यक्ष उपाध्यायले जानकारी गराए । ७५ जनाको समूहमा सञ्चालन भएको यो रिसार्ट एन्ड फनपार्क २५ बिघा क्षेत्रफलमा बनेको जानकारी गराउँदै अध्यक्ष उपाध्यायले चितवनका प्रसिद्ध सहरहरू टाँडी, पर्सा, भरतपुरलगायत भारतको केही ठाउँहरूको समेत अवलोकन गर्न सकिने हुँदा आफूले त्यस ठाउँमा रिसोर्टको स्थापना गरेको बताए ।

त्यसैगरी कार्यक्रममा रिसोर्टका सल्लाहकार लक्ष्मीराम पौडेलले भ्रमण वर्ष २०२० लाई लक्षित गरेर कविलास रिसोर्ट आफूहरूले सञ्चालन ल्याएको बताए । कविलास रिसोर्ट सबैको आकर्षक गन्तव्य भएका कारण सबै त्यहाँ पुग्न आग्रह गर्दै भने 'भ्रमण वर्ष निजी र सरकारी सबै क्षेत्रका लागि एउटा महत्वपूर्ण अवसर हो ।'

यो समयमा पर्यटनको आगमनमा वृद्धि गरी आयआर्जनमा समेत वृद्धि गर्दै समृद्ध नेपाल निर्माणमा सहयोग पुर्‍याउने हुँदा भ्रमण वर्षलाई सफल बनाउन सबैले आ आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउनुपर्ने धारणा राखे । पौडेलले भने-'सबैले आ आफ्नो क्षेत्रबाट भ्रमण वर्षलाई सहयोग गर्नुपर्छ सोही कारण कविलास रिसोर्ट एन्ड फनपार्कले पनि यस अवधिमा विशेष छुटको व्यवस्था गरेको छ ।'

कुर्सीमा बसी–बसी मन्त्रीहरूको योग अभ्यास

यसिमा महत

काठमाडौं । राष्ट्रिय योग दिवसको अवसरमा सरकारले बुधबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गरेको कार्यक्रममा अनौठा दृश्य देखियो । सामान्यतः सहज हुने पोसाक लगाएर, भुइँमा आसन बिछ्याएर योगा अभ्यास गर्ने भनिन्छ तर राष्ट्रिय योग दिवस, मकर संक्रान्ति मूल समारोहमा तीन जना मन्त्रीहरूले कुर्सीमा बसीबसी योगका आसन र ध्यान गरे । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, शिक्षामन्त्री गिरिराजमणि पोखरेल र स्वास्थ्यमन्त्री भानुभक्त ढकालले दौरा सुरूवाल, स्वेटर र कोट लगाएका थिए । योगा अभ्यास गर्ने सरकारी अधिकारीलगायत कोट पेन्टमा सजिएका उनीहरूले जुत्तासमेत नखोली योगाभ्यास गरेका थिए ।

कार्यक्रममा परराष्ट्रमन्त्री ज्ञवालीले योगले मानिसको वास्तविक जीवनशैली अपनाउन सहयोग गर्ने बताए । उनले योगलाई जीवन अभिन्न अंग बनाउनुपर्ने धारणा राखे । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलले प्राकृतिक चिकित्सा र योग शिक्षालाई आगामी शैक्षिकसत्रदेखि विद्यालय तहमा समेट्ने बताए । उनले योगलाई नै प्राथमिकतामा राखेर सरकारले योगमाया आयुर्वेद विश्वविद्यालय स्थापनाका लागि संसद्को हिउँदे अधिवेशनमा विश्वविद्यालयसम्बन्धी विधेयक दर्ता गर्ने दाबी गरे । स्वास्थ्यमन्त्री ढकालले सरकार आफ्ना नागरिकलाई रोग लाग्न नदिने अभियानमा रहेको बताए । योग, ध्यानजस्ता प्राकृतिक उपचारलाई प्राथमिकतामा राखेको उनको भनाइ छ । कार्यक्रममा पतञ्जलि योग समितिका अध्यक्ष सुर्दशन सुवेदीलगायतले मन्त्रीहरूका साथै कार्यक्रममा सहभागीलाई योग गराएका थिए । कार्यक्रममा सरकारी अधिकारी, कर्मचारी र सर्वसाधारण सहभागी थिए ।

स्वास्थ्य मन्त्रालयमा प्रदर्शनी

त्यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले योगसम्बन्धी प्रदर्शनी गरेको थियो । दिवसका अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत विभागले पुस २७ गते सुरु गरेको साताव्यापी कार्यक्रमअन्तर्गत बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा योगबारे जानकारी दिने स्टल राखिएको हो । स्टलमा योगको महत्वबारे जानकारी दिने पुस्तक, पम्प्लेट राखिएको विभागकी डा. शारदा खनालले बताइन् ।

गौरवपूर्ण...

सोचमा एकताको भावना सिर्जना गर्न यो महत्वपूर्ण आधार बन्न सक्ने बताए । राष्ट्रिय एकताको संरक्षण र संवर्द्धन गर्ने संवैधानिक जिम्मेवारीसमेत प्राप्त गरेको नेपाली सेनाले सुरुमा ऐतिहासिक गढी, किल्ला तथा एकीकरण पदमार्गको संरक्षण गर्ने लक्ष्यका साथ सुरु भएको यस कार्यक्रमको दायरा निकै फराकिलो भइसकेको जनाएको छ । जंगी अड्डाले विज्ञसहितको कार्यदल गठन गरी सुरु गरेको एकीकरण पदमार्गको निर्देशिका बनाई व्यवस्थितरूपमा अघि बढाइएको छ ।

प्रधानसेनापति थापाले एकीकरण मार्ग सरकारको नीति तथा कार्यक्रममा पर्नु र चालु आवको बजेटमा सम्बोधन भई सरोकारवाला निकायको सहकार्यमा कार्यान्वयनको चरणमा पुगेकाले मार्गको आवश्यकता र औचित्य पुष्टि भएको छ भने । देशमा पहिचान गरिएका ऐतिहासिक सम्पदाको संरक्षणका साथै सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न पनि स्वीकृत बजेटअनुरूप यो वर्ष सिन्धुलीगढी संग्रहालय, काभ्रेमा भ्युटावर, पाल्पामा शस्त्रअस्त्र कक्ष निर्माण गर्ने कार्यअघि बढिसकेको सेनाले जनाएको छ ।

नेपाल राष्ट्रको वास्तविक इतिहास उजागर गरी भविष्यको मार्गचित्र कोर्ने लक्ष्यसहित आयोजित तीन दिवसीय कार्यक्रमले एकीकरण मार्गको उद्देश्यलाई सार्थक तुल्याउन सहयोग पुग्ने विश्वास सेनाले लिएको छ । इतिहासको जगेर्ना गर्दै राष्ट्रिय एकीकरण र नेपाल राष्ट्रको निर्माणमा पुर्खाले देखाएका अदम्य शाहस र वीरता तथा नेपाली चरित्रलाई थप प्रवर्द्धन गर्दै भावी पुस्तालाई राष्ट्रप्रति उत्तरदायित्व बोध गराउन एकीकरण पदमार्गले महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ ।

दुई सन्तानसहित...

स्थान बेनिघाटबाट गोरखा जाने त्रिशुली नदीको पुलको करिब एक किलोमिटर वर पर्छ । नदीमा परिवारसहित हाम फाल्नुको कारण खुल्न नसकेको रेग्मीले जानकारी दिए । 'हाम फालेको १० मिनेटभित्रै प्रहरी घटनास्थलमा पुगेपनि विनयको मात्र सकुशल उद्धार भयो । श्रीमती नजिकैको किनारमा मृत फेला परिन् । बेपत्ताको खोजी भइरहेको छ', रेग्मीले जानकारी दिए । त्रिशूलीको जलयात्रा गर्ने टोलीसँग रहेको रेस्क्यु टोलीले तत्काल विनयको उद्धार गरेको थियो । जमुनाको शव नजिकै फेला परेको र दुई बालकहरूको खोजी भएपनि राति भएकाले शुक्रबार बिहानबाट खोजी सुरु गरिने प्रहरीले जानकारी दिएको छ । अँध्यारो भइसकेकाले खोजतलास गर्न कठिनाई भएको रेग्मीले जानकारी दिए ।

संसद...

अनिमात्र राजीनामा दिने बताएपछि दुई अध्यक्ष पुनः छलफलमा जुटेका हुन् । गएको आइतबारपछि पहिलो पटक भएको भेट सकरात्मक भएको बिफ्रिङ प्रचण्डले आफू निकट नेताहरूसँग गरेका छन् । भेटपछि आफ्नो निवास खुमलटार आएका नेताहरूसँग उनले बिहीबारको छलफल सकरात्मक भएको र संसद बैठकअघि सहमति हुने बताएका छन् । 'बिहीबारको बैठक सकरात्मक भएको छ । सभामुख चयन प्रक्रियालाई लम्ब्याउन नहुनेमा दुई अध्यक्षको एकमत रहेका छन्,' स्रोतले भन्यो, 'उपसभामुखको राजीनामा गराउने र संसद्को गतिरोध अन्त्य गर्नेबारे सकारात्मक ढंगले कुराकानी भएको छ ।'

बिहीबार बिहान साढे ११ बजे बालुवाटार पुगेका प्रचण्ड दिउँसो २ बजे मात्र बाहिरिएका थिए । ओली र प्रचण्ड भेट हुनुअघि बालुवाटार र खुमलटारमा प्रधानमन्त्री र कार्यकारी अध्यक्षले आफू निकट नेतासँग छलफल गरेका थिए । प्रचण्डसँग भेट गर्नुअघि बालुवाटारमा प्रधानमन्त्री ओलीले उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, नेकपा महासचिव विष्णु पौडेल, नेता सुवास नेम्वाङलगायतसँग छलफल गरेका थिए । प्रचण्ड निवास खुमलटारको छलफलमा गृहमन्त्री रामबहादुर थापा 'बादल', जनार्दन शर्मा, अग्नि सापकोटालगायतका नेता सहभागी थिए । संसद्मा झन्डै दुई तिहाई मतका साथ बलियो उपस्थिति रहेको नेकपाले सभामुख उम्मेदवार चयन गर्न नसक्दा संसद् एक महिना बन्धक बनिसकेको छ । बन्धक संसद् खुलाउने र पार्टीभित्रको ध्रुवीकरण तोड्न नेकपाका दुई अध्यक्षको भेटलाई महत्वका साथ हेरिएको छ । सभामुख चयन गर्ने बताए पनि कसलाई बनाउने भन्ने विषयमा अझै पनि दुई अध्यक्षबीचमा कुराकानी भएको छैन । जसले गर्दा शुक्रबार नै सहमति जुट्ने सम्भावना कम रहेको पनि केही नेताहरू बताउँछन् । भेटमा दुई अध्यक्षबीच एमसिसीको विषयमा पनि छलफल भएको थियो । अमेरिकी सहयोग परियोजना एमसिसीलाई पारित गर्ने कि नगर्ने भन्नेमा नेकपाभित्र विवाद छ ।

रक्तचन्दन...

ऐनबमोजिमको कार्यविधि पूरा नभई पैठारी भएको कारणले जफत भएको संकटापन्न वनस्पति जुन मुलुकबाट पैठारी भएको हो सोही मुलुकमा फिर्ता पठाउन सकिने व्यवस्था छ । फिर्ता गर्दा लाग्ने खर्च त्यसरी फिर्ता लैजाने मुलुकले व्यहोर्नुपर्छ । नेपालबाट निर्णय भएको मितिले ९० दिनभित्र सम्बन्धित मुलुकले त्यस्तो वनस्पति वा सोको नमुना फिर्ता लैजानुपर्ने कानुनी व्यवस्था छ ।

कुनैवेला चीनतिर अवैधरूपमा लैजाँदै गरेको अवस्थामा दिनहुँ जस्तै रक्तचन्दन बरामद हुने गर्थ्यो । यसमा कडाइ गरिएपछि हाल भने रक्तचन्दनको तस्करी बन्द भएको छ । विसं २०६२ देखि २०७१ को अवधिमा मुलुकका विभिन्न स्थानबाट दुई लाख केजीभन्दा बढी रक्तचन्दन काठ बरामद गरिएको थियो । विभागका अनुसार नेपालमा पहिलोपटक २०६२ फागुन २ गते सिन्धुपाल्चोकमा रक्तचन्दन काठ बरामद गरिएको थियो । यसैगरी पछिल्लोपटक २०७१ साल भदौ २१ गते रसुवामा ६४ किलोग्राम रक्तचन्दन बरामद भएको विभागको अभिलेखमा उल्लेख छ ।

Shankharapur Municipality Office

Sankhu, Kathmandu

Invitation for Sealed Qutation

First Date of Publication: 2076/10/03

1. **Shankharapur Municipality Office** invites sealed quotation from reputed and contractors for the procurement following work under National Competitive Bidding (NCB) procedures.

S.N.	Contract Number	Description of Work	Bid Document Price (fee) (NRs.) non-refundable	Estimated amount excluding VAT	Bid Security amount (NRs.)
1	SMO/76-77/12	Upgrading Of Indreni Kutthali Majgaau sadak	1000	17,28,012.81/-	50,000/-
2	SMO/76-77/13	Jhule Buddha Garden Access Road construction	1000	13,22,936.38/-	37,000/-
3	SMO/76-77/14	Upgrading of Fedi transmitter Mewathali sadak	1000	12,99,908/-	37,000/-
4	SMO/76-77/15	Upgrading of Rajdal Telkot sadak(drain construction)	1000	17,19,827.58/-	50,000/-

2. A complete set of bidding documents may be purchased **on or before 15th days from the first date of publication (i.e. dated 2076/10/17 B.S.) from Shankharapur Municipality Office, Sankhu , Kathmandu** by eligible bidders upon the submission of a written application attaching dually attested copies of Bidder's registration, VAT registration and tax clearance certificate upto the last fiscal year and payment of a non-refundable fee as mentioned above **within office hour on or before 2076/10/17 B.S.**
3. Information to deposit the fee of bidding document in the bank.
   Name of Bank: Bank of Kathmandu, Shankhu, Kathmandu
   Office Code No: 27-365-20
   Office Account No: 013200000190524
4. Sealed quotation Bids must be submitted to the **Office of Shankharapur Municipality, Sankhu, Kathmandu** at **12:00hours noon** on **16th day from publication date (i.e. 2076/10/18 B.S.)** Documents received after this deadline shall not be accepted.
5. Bids received after the deadline of the submission will be rejected. Bids received by the above mentioned deadline shall be opened physically in the presence of the Bidders representatives who choose to attend at the address above at **13:00 Hours** on ***16 days from the first date of publication (i.e. dated 2076/10/18 B.S.).***
6. Bids shall be **valid for a period of 75 days** after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above, **valid 30 days beyond Bid validity date**.
7. If bidder wishes to submit Bid security in the form of cash, the cash should be deposited in **Deposit Account no. 013200000194524, at Bank Of Kathmandu , Kathmandu**, on the account of Shankharapur Municipality Office, Sankhu , Kathmandu. And submit the receipt of the deposited amount of cash along with the sealed bid.
8. Bidding will be conducted through the **National Competitive Bidding (NCB)** procedures specified in the **GoN's Guidelines(PPMO Guidelines).**
9. The original bid bond guarantee letter should be issued in the name of the **Shankharapur Municipality Office** by any **A-Class Commercial Banks** recognized by the Government of Nepal.
10. If the last day for submission falls on a government holiday then the next working day shall be considered as the last day.
11. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.

कवाडी नदीमा बेलिबिज्र

अनिल शाही

बाजुरा । बाजुरा र हुम्ला जोड्ने कवाडी नदीमा बेलिबिज्र पुल निर्माण सम्पन्न भएको छ । पुल निर्माणसँगै हुम्लामा माघ दोस्रो हप्ताभित्र यातायात सञ्चालन भइसक्ने नेपाली सेनाले बताएको छ । नेपाली सेनाले निर्माण गरिरहेको कर्णाली करिडोर सडकअन्तर्गत पर्ने कवाडी नदीमा बेलिब्रिज निर्माण भएको हो । मंसिर महिनामा काम सम्पन्न हुने गरी बेलिबिज्र पुल निर्माण भए पनि वर्षातमा सामान ढुवानी गर्न समस्या भएकोले अहिले पुल निर्माण सम्पन्न भएको छ ।

कवाडी नदीमा बेलिबिज्रको काम सम्पन्न भएसँगै हुम्ला गाडी पुग्ने भएपछि हुम्लावासी खुसी भएको ताजाकोट मैला गाउँपालिका अध्यक्ष बागदल मल्लले बताएका छन् । देशका सबै जिल्लामा यातायातले छोएको भए पनि हुम्ला भने अहिलेसम्म सडक सञ्जाल जोडिएको छैन । पुल निमाण कार्य सम्पन्नसँगै १५ माघभित्र हुम्लाको अदानचुली गाउँपालिकाको गल्फागाडसम्म यातायात सञ्चालन हुने कर्णाली करिडोरको तिथिचौर क्याम्पका सह सेनानी शंकर सिलवाले बताएका छन् ।

कवाडी नदीमा बेलिब्रिज बनेपछि हुम्लामा कम्तीमा १६ किलोमिटर यातायात सञ्चालनमा आउने सेनाले बताएको छ । हुम्ला र बाजुराको सिमानामा पर्ने कवाडी नदी म्म ८४ किलोमिटर रहेको छ । त्यहाँबाट अदानचुली गाँउपालिकाको गल्फागाडसम्म १६ किलोमिटर रहेको छ । कवाडी नदीमा बेलिब्रिजको सम्पन्नपछि हुम्लावासी खुसी भएका छन् । गाडी चढ्ने रहर पूरा हुने भन्दै स्थानीय खुसी भएको बताए । सेनाले सडकको काम तीव्र गतिमा गरिरहेको छ ।

हुम्लामा यातायात नपुग्दा साता दिन लगाएर बाजुरा, कालिकोट पुगेर गाडि चढ्नुपरेको छ, भने अर्कोतिर महँगो हवाई भाडा तिरेर यात्रा गर्दै आएका थिए । गाडी नपुगेकै कारणले हुम्लीवासीले महँगीको मार खेप्दै आएका थिए, बिरामी हुँदा पनि समयमै उपचार पाउन नसकी ज्यान जाने अवस्था रहँदै आएको थियो । एक महिनामै हुम्लामा गाडी पुग्ने सम्भावना भएकाले हुम्लावासी निकै खुसी भएको हुम्लाका स्थानीय नवराज मल्लले बताएका छन् ।

नेपाली सेनाले जिम्मा लिएको कर्णाली करिडोर कालिकोटको लालुदेखी हुम्लाको सरिसल्लासम्म १ सय ४५ किलोमिटर रहेको छ । कालिकोटमा ४० किलोमिटर, बाजुरामा ४४ किलोमिटर र बाँकी हुम्ला जिल्लामा रहेको छ । सेनाले यो सडकको जिम्मा ०७१ चैतबाट सुरु गरेको थियो । लामो समयसम्म निर्माण कार्यमा प्रगति नभएपछि भौगोलिक विकटतालगायत प्रतिकूलता औंल्याउँदै सरकारले ०७१ मा कर्णाली करिडोरलाई विशेष परिस्थितिको सडक परिभाषित गर्दै निर्माणको जिम्मा सेनालाई दिएको थियो । यस सडकको निर्माणमा २ अर्ब ८४ करोड ११ लाख १६ हजार रुपैयाँ खर्च हुने अनुमान छ ।

भूकम्प दिवस मनाइयो

भूकम्पबाट सुरक्षित पूर्वाधार दीगो सुख र समृद्धिको आधार
२२ औं भूकम्प सुरक्षा दिवस २०७६
भूकम्प सुरक्षा र्‍याली,अन्तरक्रिया तथा व्यवहारिक अभ्यास
मिति: २०७६/१०/२ गते
स्थान: मुगु, गमगढी

नन्दबहादुर रोकाया

मुगु । २२औं भूकम्प सुरक्षा दिवस प्रतिकूल मौसमका बीच मुगु जिल्ला सदरमुकाम गमगढीमा मनाइएको छ । हिमपात भएर चिसोका कारण गमगढीको तापक्रम माइनस सात डिग्रीमा झरेको थियो । चिसो मौसमलाई वास्ता नगरी जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख कर्मचारी, विद्यार्थी, सुरक्षाकर्मी, स्थानीय तहका प्रमुखहरू र्‍यालीमा सहभागी भएका थिए ।

र्‍यालीमा सहभागीले भूकम्प के हो ? यसबाट कसरी जोगिने, घर तथा भौतिक संरचना कस्ता बनाउने जस्ता जनचेतना समिटिएका प्लेकार्ड बोकेका थिए भने सोही सन्देश दिने नारा लगाउँदै जिल्ला सदरमुकाम गमगढी बजार परिक्रमा गर्दै महाकाली माध्यमिक विद्यालयमा पुगेर कोणसभा गरेका थिए ।

कोणसभाको सभापतित्व गदै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले भूकम्पले मानवीय क्षति नगर्ने, भूकम्प आउँदा हामीले नै बनाएका संरचनाहरू भत्किएर मानवीय तथा भौतिक क्षति हुने भएकाले आफ्ना घरलगायत भौतिक संरचनाहरू बलियो बनाउनुपर्नेमा जोड दिएका थिए । जिल्लामा रहेका स्थानीय सरकारहरूको प्रतिनिधित्व गर्दै कार्यक्रमका प्रमुख अतिथि छायानाथ रारा नगरपालिकाका प्रमुख हरिजंग शाहीले स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारी प्रयोग गर्दै सबै स्थानीय सरकारहरूले पुराना संरचनाबाहेक नयाँ बन्ने संरचनाहरू गाँउनगरमा नक्सा पास गराएर मात्रै भौतिक संरचना बनाउने बाध्यकारी नियम लागू गर्दै लैजाने बताएका थिए ।

जिल्लामा रहेको सशस्त्र प्रहरी बल नं ४५ ले सहभागी विद्यार्थीलाई भूकम्पबारे बनाइएको भिडियो डकुमेन्ट्री प्रदर्शन गरेको थियो । चिसोमा भूकम्प दिवस मनाउन सहभागीहरू बाक्लो कपडा, मास लगाएर सहभागी भएका थिए ।

भूकम्प सुरक्षा दिवसमा डेमो प्रदर्शन

शुकदेव थपलिया

काभ्रे । धुलिखेलमा एक कार्यक्रम चलिरहेको थियो । अचानक भूकम्प गयो भन्ने हल्ला कानमा गुञ्जायमान हुन थाल्यो । कोही भागाभाग गरिरहेका थिए भने कोही उद्धारका लागि तयारी गर्दै थिए । सडकमा मानिसहरूको भिड उस्तै थियो । स्थानीयहरूसँगै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र सरकारी कर्मचारीहरूको भिड झनै बाक्लो थियो । सेनाको गाडी पनि देखिन्थ्यो । केही व्यक्तिहरू एउटा घरको भित्र कराएको जस्तो आवाज पनि आइरहेको थियो । मानिसहरूको भिड र आवाजले गर्दा त्यहाँ केही घटना भइरहेको जस्तो देखिन्थ्यो । दृश्य थियो काभ्रे जिल्लाको धुलिखेलस्थित सरस्वती बजारमा भूकम्प सुरक्षा दिवसको अवसरमा नेपाली सेनाद्वारा गरिएको डेमो प्रदर्शनको ।

डेमोमा घरको तीन तलामाथिको झ्यालबाट डोरीको सहायताले एक जना घाइतेलाई तल रोडमा झारियो । त्यसरी नै अर्को व्यक्ति पनि त्यही डोरीको सहायताले फेरी तल झारियो । उक्त दुई जना घाइतेलाई सडकपेटीमै राखी प्राथमिक उपचार सुरु भयो । मुखमा मुख जोडी फुक्ने, छाती दबाउने गर्दा पनि घाइतेको होस नखुलेपछि प्राथमिक उपचारपछि सेनाकै गाडीमा राखी थप उपचारका लागि अस्पतालतर्फ लगियो । नेपाली सेना विष्णु दल गणले २२औं भूकम्प सुरक्षा दिवसको अवसरमा भूकम्पपश्चात घाइतेलाई कसरी उद्धार गर्ने भन्नेबारे डेमो प्रदर्शन गरेको थियो ।

सेनाले देखाएको डेमोमा भूकम्प आएको वेलामा जहाँ भए पनि सुरक्षित ठाउँमा गई घोप्टो परेर टाउकोलाई जोगाई बस्ने भन्ने जस्ता जनचेतनामूलक प्रस्तुति देखाएका थिए । २२औं भूकम्प सुरक्षा दिवसको अवसरमा बिहीबार काभ्रे जिल्लाको धुलिखेलमा प्रभातफेरी कार्यक्रम गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति काभ्रेको आयोजनामा विभिन्न सरकारी कार्यालय र सरोकारवाला निकायहरूको सहभागितामा सो दिवस मनाइएको हो । सो अवसरमा समितिले धुलिखेलको सरस्वती बजारबाट बिपी राजमार्ग हुँदै फेरी सरस्वती बजार पुगेर कोणसभा गरी सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसीले भूकम्पपश्चात सरकारले दिएको रकम जनतासँग दुःखसुख बाँडेको मात्र बताएका छन् । सुरक्षित आवासका लागि सरकारले दिएको रकमले पुरै राम्रो र व्यवस्थित घर बनाउन नपुगे पनि जनताको दुःखमा सरकार पनि सँगै छन् भन्ने आवास दिलाउनका लागि सहयोग गरेको केसीले बताए । त्यसकारण भूकम्प प्रतिरोधी घर बनाएर सुरक्षितका साथ बस्नको लागि आग्रह पनि केसीले गरेका छन् । भूकम्प पीडितहरू घर बनाए पनि उक्त घरमा अन्य सामग्री राखी मानिस पुरानै घरमा बस्ने गरेको बताउँदै त्यसो नगरी नयाँ घरमा बस्नका लागि आग्रह गरेका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एव प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिनाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सरकारी कार्यालयका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, पत्रकार लगायतको उपस्थिति रहेको थियो । १९९० साल माघ २ मा गएको महाविनाशकारी भूकम्पको सम्झना स्वरूप ०५५ सालबाट यो दिवस मनाउन थालिँदै आएको छ ।

दोस्रो नमोबुद्ध महोत्सव हुने

सौर्य समाचार

काभ्रे । नमोबुद्ध नगरपालिकामा दोस्रोपटक महोत्सव हुने भएको छ । नमोबुद्ध उद्योग वाणिज्य संघको आयोजनामा नमोबुद्ध नगरपालिका-४ को निजी जग्गामा ९ देखि १९ माघसम्म पर्यटन वर्ष २०२० लाई लक्षित गरी महोत्सव गर्न लागिएको आयोजकले पत्रकार सम्मेलनमार्फत जानकारी दिएका हुन् ।

महोत्सवमा व्यापारिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक खेल मेला तथा व्यपार मेला गर्दै नगरभित्रका छिमेकी माध्यमिक विद्यालयस्तरीय समूह र एकल नृत्य प्रतियोगितासमेत गर्न लागिएको संघका अध्यक्ष बसुनारायण श्रेष्ठले बताए । उनले सो भेगमा रहेको धर्म, संस्कृति, रीतिरिवाज, कलासंस्कृति एवं उत्पादित बस्तुहरूको प्रचारप्रसार र जगेर्ना गर्न सो महोत्सवले मूख्य

भूमिका खेल्ने अपेक्षासहित ११ दिने महोत्सव गर्न लागिएको बताइएको छ । महोत्सवमा सयभन्दा बढी स्टलहरू स्थानीयस्तरका उत्पादित वस्तुहरू प्रदर्शन गर्न राखिने बताइएको छ । महोत्सव हेर्न छिमेकी जिल्लाहरू सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, भक्तपुर, दोलखासहित अन्यबाट करिब १ लाख ५० हजार दर्शकले अवलोकन गर्ने आँकलन आफूहरूले गरेको बताए । महोत्सव सञ्चालन गर्न ११ विषयहरूमा उपसमिति गठनसमेत गरिसकेको बताइएको छ ।

हात्तीपाइले रोग नियन्त्रण गर्ने अभियान

कुमोद अधिकारी

विराटनगर । राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रमअन्तर्गत विराटनगर महानगरपालिकामा २५ र २६ माघमा हात्तीपाइले रोगविरुद्ध औषधि सेवन कार्यक्रम सञ्चालन हुने भएको छ ।

महानगरपालिका क्षेत्रमा विगतका वर्षहरूमा भएका हात्तीपाइले रोग विरुद्धको आमऔषधी सेवन अभियान प्रभाकारी नभएपछि यसपटको सो अभियान नयाँढंगबाट सञ्चालन गरिने भएको छ । विराटनगर महानगरपालिका जनस्वास्थ्य महाशाखाले विराटनगरमा बिहीबार गरेको छलफल कार्यक्रममा यसपटकको सो अभियानअन्तर्गत महागनरपालिकाका २ लाख ४७ हजार ४ सय जनालाई औषधि खुवाउने लक्ष्य रहेको महाशाखा प्रमुख रमेश कार्की क्षेत्रीले बताए ।

विगतमा हात्तीपाइले विरुद्धको औषधि खुवाउने अभियान प्रभावकारी नहुँदा छैटौं चरणमा सक्नुपर्ने यो अभियान नवौंपटक सञ्चालन हुन लागेको हो । हात्तीपाइले रोग विरुद्धको औषधिले

अहिलेसम्म कसैको मृत्यु नभएकाले निर्धक्क भएर औषधि सेवन गर्नसमेत महाशाखा प्रमुख कार्कीले महानगरवासीलाई आग्रह गरे । विराटनगर महानगरपालिका क्षेत्रमा कार्यक्रमलाई प्रभावकारी बनाउन महागरपालिका क्षेत्रमा २ सय ५० जना स्वास्थ्यकर्मी, १ सय ४८ जना स्वयंसेविका परिचालन गरिनेछ । महानगरपालिकाको १९ वटै वडामा केन्द्र स्थापना गरेर हात्तीपाइले रोगविरुद्ध औषधि खुवाइने र छुटेकाहरूलाई भोलीपल्ट घरमै गएर औषधि खुवाउने कार्यक्रम रहेको कार्कीले बताए ।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले हात्तीपाइले रोग विरुद्धको औषधि सेवनमा डर र कुनै शंका नर्गन आग्रह गरे । उनले यो अभियानलाई सफल बनाउन राजनीतिक दलका नेता, स्थानीय निकाय प्रमुख तथा सरकारी कार्यालयका प्रमुखहरूले औषधि खाएर कार्यक्रमको शुभारम्भ गरिने बताए ।

सन् २०२० सम्म हात्तीपाइले रोग नियन्त्रण गर्ने सरकारको लक्ष्य रहेको छ । अहिले पनि सहरी क्षेत्रमा औषधि सेवन अभियान प्रभावकारी

जिल्लावासी अन्धकारमा बस्न वाध्य

हस्त चौलागाईं

कालीकोट । जिल्लाको एक मात्र पोतमारा लघुजलविद्युत् आयोजना नियमित सञ्चालन नहुँदा जिल्लाका नागरिकलाई अन्धकारमा बस्नुपरेको छ । उक्त जलविद्युत् ०४४ सालमा स्थापना भएको थियो । आयोजनाले कालिकोटका रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका र खाँडाचक्र नगरपालिकाका करिब २६ सय सेवाग्राहीलाई सेवा दिँदै आएको छ । जिल्लाको सदरमुकाम मान्ममा एक दिन र अर्को दिन सान्नी र रास्कोटमा बत्ती छोड्ने गरेको छ ।

चिसो महिनामा बत्तीको भोल्टेज अपुग हुने भएकाले बत्ती अनियमित बनेको छ । नेपाल विद्युत् प्राधिकरण कालिकोटका प्रमुख मेगराज जोशीका अनुसार पोतमारा लघुजलविद्युत् आयोजनाको क्षमता पाँच सय किलोवाट रहेता पनि हाल मेसिनमा देखिएको खराबीका कारण १ सय ८० किलोवाट क्षमताको भोल्टेज सेवाग्राहीको प्रयोगमा रहेको बताएका छन् । पावरको अभाव हुँदा जिल्लास्थित उद्योगी, व्यापारी, सञ्चार माध्यम लगायतका विद्युतीय उपकरणहरूमा ठूलो समस्या देखिने गरेको छ । घरी बत्ती आउने घरी जाने कारणले विद्युतीय उपकरणहरू पट्किने, बिग्रने लगायतका थुप्रै समस्याले हैरान भएको खाँडाचक्र नगरपालिका निवासी अग्निज्वाला टेक्निकल इन्स्टिच्युटका पवनबहादुर

बलले बताए । पवन मात्रै होइनन् होटल व्यवसायी सगुन बोगटीले बत्ती आउने जाने समस्याले मिटर बक्स बिग्रने, बिल मात्रै धेरै आउने र बत्ती नियमित बाल्न नपाएको गुनासो गरे ।

यस्तै व्यवसायी भीमबहादुर सिंहले पनि बत्ती नचाहिने समयमा आउने, दिनमा बत्ती नआउने समस्याले हैरान भएको बताएका छन् । साथै सिंहले बत्ती कतिकति समयमा आउँछ निर्धारित तालिकासमेत लागू गर्नुपर्ने माग राखेका छन् । सामुदायिक रेडियो चंखेलीका स्टेसन म्यानेजर एवं पत्रकार महासंघ कालिकोटका सचिव खडानन्द अधिकारीले विद्युत् सेवा नियमित नहुँदा सञ्चार माध्यमहरूमा ठूलो क्षतिका साथै विद्युतीय उपकरणमा दैनिकजसो समस्या देखिने बताएका छन् । हाल जेनेरेटर सञ्चालन गरेर रेडियो सञ्चालन गरिरहेको उनले बताए । कालिकोटमा सञ्चालित सामुदायिक रेडियोहरू सोलार र जेनेरेटरको भरमा छन् ।

यता प्रदेशसभा सदस्य माननीय कुर्मराज शाहीले राष्ट्रिय प्रसारण लाइन नआएसम्म कालिकोटका नागरिकहरूले सोचे बमोजिमको विद्युतीय पावर प्रयोग गर्न नसक्ने बताएका छन् । राष्ट्रिय प्रसारण लाइनका लागि लाइन तान्ने र काम लगभग सकिनै लागेको र अबको केही महिनामै राष्ट्रिय प्रसारण लाइन कालिकोटवासीले बाल्न पाउने बताए । ३२ वर्ष अगाडि काम सुरु गरिएको पोतमारा लघुजलविद्युत् आयोजना धेरै पुरानो भइसकेको र अब नयाँ मेसिन प्रयोग गरी सेवाग्राहीलाई नियमित सेवा दिने तर्खरमा लागिपरेको कालिकोट विद्युत् प्राधिकरणका प्रमुख मेगराज जोशी जनाएका छन् ।

पावर नहुँदा टावरमा समस्या

कालिकोटमा रहेको नेपाल टेलिकममा पनि पावर नहुँदा टावरमा ठूलो समस्या हुने गरेको छ । नेपाल टेलिकम कालिकोटले 'फोर जी' सेवा सञ्चालनमा ल्याएसँगै बत्ती अपुगका कारण फोनमा पनि समस्या हुने गरेको छ । नेपाल टेलिकम कालिकोटमा जेनेरेटरबाट सेवाग्राहीलाई सेवा दिए पनि त्यति राम्रो कामसमेत गर्दैन । नेपाल टेलिकम कालिकोटका प्रमुख प्रेम विष्टले पोतमारा लघुजलविद्युत् आयोजनाले विद्युत्का सेवाग्राहीलाई मात्रै होइन नेपाल टेलिकमका सेवाग्राहीलाई पनि ठूलो समस्या रहेको बताएका छन् ।

विद्युत् नहुँदा टेलिकम बन्द हुन्छ । यसले गर्दा सरकारी तथा गैरसरकारी संस्थाहरूलाई दैनिक कामकाजमा समेत ठूलो धक्का पुगेको छ । स्थानीयवासीहरूले यस जलविद्युत् आयोजनालाई मर्मत सम्भार गर्न राज्यको ध्यान नगएको बताउँदै अब स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले कालिकोट अन्धकारबाट हटाउनसमेत आग्रह गरेका छन् ।

चिन्तन

शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।

–आचार्य चाणक्य

सम्पादकीय

प्रधानमन्त्रीको टाउको नदुखोस्

सरकार र मिडियाबीचको सम्बन्ध चिसिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले गत मंगलबार एक सार्वजनिक कार्यक्रममा मिडियाका प्रस्तुतिमाथि औँला ठड्याएका छन् । सरकारले राम्रा काम गर्दा गर्दै पनि मिडियाले गलत ढंगले प्रस्तुत गरेका कारण जनतामा निराशा आउन थालेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भनेका छन्–‘जनतामा निराशा जगाउने मात्रै काम भयो भने त्यसको प्रतिफल भयावह हुन्छ ।’ सरकारले गरेका राम्रा कामलाई स्थान दिएर जनतालाई आशा जगाउन मिडिया लाग्नुपर्ने प्रधानमन्त्री ओलीको सुझाब छ । प्रधानमन्त्री मुलुकका अभिभावक हुन् । अभिभावकले वेला मौकामा यस्ता सुझाब दिनु, गुनासो पोख्नु स्वाभाविकै हो, तर सुझाब दिने तथा गुनासो पोख्ने क्रममा प्रधानमन्त्री ओलीले मिडियाकर्मीविरुद्ध जे–जस्तो भाषाशैली प्रयोग गरे, त्यो पदीय गरिमा सुहाउँदो भएन । प्रधानमन्त्री ओलीको मनसाय गलत नहोला तर सुझाब दिने तथा गुनासो पोख्ने शैली विद्यार्थी नेताको स्तरभन्दा माथि उठेको देखिएन । अभिभावकले मर्यादित भाषाशैली प्रयोग गर्नुपर्छ । मिडियाको प्रस्तुतीकरण तथा भाषाशैलीप्रति प्रधानमन्त्री ओलीले वेलामौकामा आपत्ति जनाउने गरेका छन् तर त्यो आपत्तिको शैली झन् अमर्यादित छ । मिडियाले मिर्गौलाको विषयमा सामग्री बनाए भन्दैमा मिडियाकर्मीको मुटुको विषयलाई लिएर दोहोरी प्रतियोगितामा उत्रिनु प्रधानमन्त्रीको मर्यादाभित्र पर्दैन ।

लोकतान्त्रिक मुलुकमा मिडियालाई चौथो अंग अर्थात् स्थायी प्रतिपक्षी भन्ने गरिन्छ । बहुदलीय संसदीय व्यवस्था भएका मुलुकमा सरकारका नकारात्मक काम कारबाहीबारे खबरदारी गर्ने संवैधानिक जिम्मेवारी प्रतिपक्षलाई दिइएको हुन्छ । यो जिम्मेवारी बहनका लागि राज्यले प्रमुख प्रतिपक्षी पार्टीका संसदीयदलका नेता तथा सचेतकलाई विशेष भत्ता तथा गाडीको सुविधासमेत दिएको हुन्छ । तर, मिडियाले स्वतस्फूर्त रूपमा सरकारको खबरदारी गरिरहेको हुन्छ । प्रतिपक्ष कमजोर भएको अवस्थामा मिडियाको यो दायित्व अझ बढ्छ । उदाहरणका लागि वरिष्ठ साहित्यकार कमलमणि अधिकारीले प्रथम जननिर्वाचित सरकारका वेलाको उदाहरण दिँदै आफ्नो संस्मरणमा भनेका छन् –‘एक दिन प्रधानमन्त्री बिपी कोइरालाले बोलाएर भने, सरकारको आलोचना गर्ने गरी एउटा अखबार निकाल्नोस्, आर्थिक सहयोगको व्यवस्था म गरिदिउँला । मैले भने पहिलो कुरा त म कम्युनिस्ट विचारधाराको पत्रकार, दोस्रो कुरा आफ्नैविरुद्ध लेख्न तपाईंले किन आर्थिक लगानी गर्ने ? प्रधानमन्त्री कोइरालाले जवाफ दिए, प्रतिपक्ष धेरै नै कमजोर भयो, यस्तो वेला मिडियाले खबरदारी गरेन भने सरकार गलत दिशातिर जान सक्छ, त्यसैले मैले अनुरोध गरेको हो ।

मुलुकमा पहिलो आमनिर्वाचनपछि संसद्मा सरकारको दुईतिहाइ बहुमत भयो, प्रतिपक्ष ज्यादै कमजोर भयो । संवैधानिक प्रतिपक्षले आफ्नो भूमिका निर्वाह गर्न नसक्दा त्यो ठाउँ असंवैधानिक प्रतिक्रियावादी शक्तिले लियो । प्रजातन्त्र समाप्त भयो । नयाँ संविधान निर्माणपछि भएको पहिलो आमनिर्वाचनको परिणाम पनि करिब–करिब २०१५ सालको आमनिर्वाचनको परिणामजस्तै छ । थोरै सिटले मात्रै नेकपाको दुईतिहाइ बहुमत नपुगेको हो । यस्तो अवस्थामा प्रधानमन्त्री ओलीले छाती अझ फराकिलो बनाउनुपर्थ्यो, प्रमुख प्रतिपक्षीदललाई त ओलीले संसदो रोस्ट्रममै उभिएर ‘निम्छरो’ भनिसकेकै छन् । सभामुखले उक्त अभिव्यक्ति संसद्को रेकर्डबाटै हटाइसकेका छन् । यतिवेला उनले मिडियाकर्मीहरूलाई दिएको संज्ञा रेकर्डबाट कसले हटाउने ? मिडियासँग प्रधानमन्त्री ओली यति धेरै आत्तिनुपर्ने जरुरी छैन । नेपालमा चार खालका मिडिया छन् । पहिलो खालका मिडिया सरकारका मुखपत्र हुन् । दोस्रो खालका मिडिया सत्तारुढ पार्टी निकटस्थ छन् । सरकारका मुखपत्र तथा आफ्नै पार्टीका मुखपत्रसँग प्रधानमन्त्री ओली डराएका हुन् भने परिस्थिति भयावह छ । तेस्रो खालमा मिडियाले गुण र दोषका आधारमा सरकारका कामको समर्थन र विरोध गर्ने गरेका छन् । राम्रा काम गऱ्यो भने यी खालमा मिडियाले सरकारलाई स्वतः साथ दिन्छन् । चौथो खालका मिडिया सरकारविरुद्ध भएको साँचो हो । यदि, विरोधका नाममा झुठा सामग्री प्रसारण गरे भने यस्ता खालका मिडियाले जनविश्वास गुमाउँछन्, आाफू समाप्त हुन्छन्, प्रधानमन्त्री ओलीले टाउको दुखाउनु जरुरी छैन ।

तयारी नपुगेको पर्यटन वर्ष

गोकुल निरौला

प्रधानमन्त्री केपी शर्मा ओलीले गत वर्ष नयाँ युगको सुरूवात गर्दा नेपालका पत्र पत्रिकाले ज्याकेट लगाए भने यस वर्ष पर्यटन वर्षाको सुरूवात गर्दा पहाडले सेतो ज्याकेट लगाएर स्वागत गऱ्यो । अर्कोतिर नयाँ युगको सुरूवात गरेको पोस्टर बिजुली पोल पोलमा झुण्डयाए जस्तै पर्यटन वर्षको पोस्टरले सामाजिक सञ्जालमा मात्रै ठाँउ पायो

अंग्रेजी नयाँ वर्ष अथवा नेपाली टोपी दिवसकै दिनको साइत पारेर नेपाल सरकारले नेपाल भ्रमण वर्ष २०२० को उद्घाटन गऱ्यो । सहर बजारमा भिजिट नेपाल लेखिएका पोस्टर भुण्डयाइए भने सामाजिक सञ्जालमा नयाँ वर्षको शुभककामनासहित टोपीको फोटोले ठाँउ पायो । टोपी दिवस र पर्यटन वर्षले नेपाली युवाहरू एक दिने खरो रास्ट्रवादी कहलिए भने नेपालमा पर्यटनको पनि देखियो । संयोग नै भन्नुपर्छ पर्यटन वर्ष सुरु भएकै दिनदेखि पहाडमा पानि पर्न थाल्यो र हिउँ परेका सेता डाँडाकाडाँले साँच्चै नेपाल सुन्दर देखायो । सुन्दरताभित्र लुकाइएको कुरूपता कसैले देखेन र देखाइएन पनि । हिउँले छोपेका पहाडको अभाव, बिकटता,असुविधा एक दिनमै सेतो पर्दाभित्र लुकेपछि ‘पर्यटकलाई पर्खंदै पहाड’ भन्न मिडिया पनि पछि परेन । प्रधानमन्त्री केपी शर्मा ओलीले गत वर्ष नयाँ युगको सुरूवात गर्दा नेपालका पत्र पत्रिकाले ज्याकेट लगाए भने यस वर्ष पर्यटन वर्षाको सुरूवात गर्दा पहाडले सेतो ज्याकेट लगाएर स्वागत गऱ्यो । अर्को तिर नयाँ युगको सुरूवात गरेको पोस्टर बिजुली पोल पोलमा झुण्डयाए जस्तै पर्यटन वर्षको पोस्टरले सामाजिक सञ्जालमा मात्रै ठाँउ पायो । सामाजीक सञ्जालले भने नेपालमा एकै दिनमा बिस लाख पर्यटक भित्रिसकेको संकेत गर्न भ्यायो ।

धेरै नेपाली युवाहरू टोपी दिवसकै दिन खरो रास्ट्रवादी देखिने चलन छ । नेपाली युवाहरूले पर्यटकलाई स्वागत गरेर नेपालको पर्यटनमा ठुलो योगदान पुऱ्याएको देखाउनकै लागि झ्उ पनि एक दिने टुरिस्ट गाइड बनेर स्वागत गरेको फोटोले सामाजिक सञ्जाल नै रंगियो । दुर्भाग्य सरकारले पर्यटकहरूलाई नेपालका दूरदराजका पर्यटकीय सम्पदा भएको ठाँउसम्म पुऱ्याउन कुनै चाजोपाजो गरेको देखिएन । भनौँ युवाहरूलाई तयार गरेको देखिएन । सरकारले यो अंग्रेजी वर्ष २०२० लाई पर्यटन वर्षको रूपमा घोषणा गरे पनि नेपाल भ्रमण वर्ष अर्थात् पर्यटन वर्ष एकै वर्षमा मात्र सीमित रहने छैन दश वर्ष २०३० सम्म भ्रमण वर्षको लक्ष्य सरकारले राखेकोछ ।

नेपालका लागि अंग्रेजी वर्ष २०२० महत्वपूर्ण वर्षको रूपमा रहने छ । हुनत यो वर्ष मनाउन लागिएको नेपाल भ्रमण वर्ष अर्थात् प्रर्यटन वर्ष तेस्रो पर्यटन वर्ष हो । पहिलोपटक आजभन्दा ठीक २२ वर्ष पहिले पर्यटन वर्ष मनाइएको थियो । सूर्यबहादुर थापाको संयुक्त सरकारले पर्यटन वर्ष मनाउदै गर्दा नेपाल आन्तरीक द्वन्द्वमा फस्दै गइरहेको थियो । दोस्रोपटक मनाइएको पर्यटन वर्षमा द्वन्द्वरत राजनीतिक दल सरकारमा सहभागी भइसकेको थियो तर, तेस्रोपटक मनाउँदै गरेको पर्यटन वर्षमा सरकारमा सहभागी भएको राजनितिक दलको एक हिस्सा द्वन्द्वमै फर्केको छ ।

पहिलो र दोस्रोपटक मनाइएको पर्यटन वर्षभन्दा यो पटक मनाउँदै गरेको पर्यटन वर्षमा बाह्य पर्यटक आफूलाई सुरक्षित महसुस त गर्लान् तर ढुक्क सँग फुमफिर गर्ने अवस्था भने छैन । नत सडक सञ्जालको भरपर्दो अवस्था छ नत सबै ठाँउ हवाई मार्ग भएर पुग्न सक्ने अवस्था छ । गाविस हुदाँ सुरु गरेको भ्रमर्ण वर्ष गाउँपालिका हुदाँसम्म अवस्था जीउँका तिउँ रहेको छ । सरकारले एक आन्दोलनरत राजनीतिक दललाई प्रतिबन्ध लगाइएको छ । जसरी अहिलेभन्दा २२ वर्ष पहिले अहिलेकै सरकार सञ्चालन गरिरहेको राजनीतिक दललाई प्रतिबन्ध लगाएको थियो ।

आजभन्दा २२ वर्ष पहिले अर्थात् १९९८ मा आयोजित नेपाल भ्रमण वर्षमा ४ लाख ६३ हजार ६ सय ८४ पर्यटक नेपाल आएका थिए । पहिलो नेपाल भ्रमण वर्ष मनाएको तेह्र वर्षपछि आयोजित नेपाल पर्यटन वर्षमा ७ लाख १९ हजार ५ सय ४७ पर्यटक आए । दोस्रो पर्यटन वर्ष मनाएको नौ वर्ष पछि आयोजना गरिएको २०२० मा २० लाख पर्यटक भित्र्याउने महत्वाकांक्षी योजना र पर्यटन दशक २०२०-२०३० को रूपमा पर्यटनको विकास गर्ने अबधारणा बनिरहेको छ ।

नौ वर्ष अगाडि आयोजना गरीएको नेपाल भ्रमण वर्षमा खड्गबहादुर विश्वकर्मा पर्यटन तथा नागरिक उड्यनमन्त्री थिए भने अहिले आयोजना गरीरहेको भ्रमण वर्षमा योगेश भट्टराई ह्याट्रिक गरेर पर्यटन मन्त्रालयमा आएका छन् । देशमा शान्ती सुरक्षा र शुसासन कायम गरी राजनीतिक आन्तरीक द्वन्द्वको अन्त्य गरी सरकार सञ्चालन भएको भए अहिलेको पर्यटन वर्षमा नेपाली जनताले सोचेजस्तै आम्दानी गर्न सक्थे होलान् । सहरमा र राजधानिमा त आन्तरीक तथा बाह्य पर्यटकले जहिले पनि होटल र रेस्टुराँ भरिभराउ भएकै छन । प्राकृतिक रूपमा प्राप्त नेपालका पर्यटकीय क्षेत्रको निर्माण गर्न ठूलो मानवीय परिश्रम खर्च भएको छैन । नेपालमा यस्ता थुप्रै स्थान छन् जसका बारेमा स्वयं नेपालीहरूलाई पनि जानकारी छैन । उदाहरण नै लिने हो भने पर्यटकीय स्थलका रूपमा हामीले केवल काठमाडौं उपत्यका पोखरा, चितवन र केही वर्षदेखि लुम्बिनीजस्ता सीमित स्थानलाई मात्र चिनेका छौं ।

नेपालमा यीभन्दा धेरै सुन्दर र राम्रा ठाउँ पनि छन् । हामिले गरिबीले थिलथिल भएको कर्णाली प्रदेश र सुदूरपश्चिमलाई कहिलै पर्यटकीय नजरले हेर्न सम्म सकेनौ । पर्यटनका लागि पूर्वाधार निर्माणको क्षेत्रमा नेपाल अझै पनि पछाडि परेको छ । यातायात पर्यटन क्षेत्रको विकासका लागि पहिलो पूर्वाधार हो । कतिपय दुर्गम स्थानमा सञ्चालित हवाई यातायात पनि सर्वसुलभ हुन सकेको छैन । विकट कर्णाली प्रदेशमा रहेका पर्यटकिय स्थानको नेपालले कहिल्यै प्रचार गर्न सकेन । कर्णालीमा रहेको रारा ताल, रारा रास्ट्रिय निकुञ्ज, विश्वकै अग्लो स्थानमा रहेको छायाँनाथ मन्दिर, डोल्पाको शे गुम्बा र शे फोक्सुण्डो ताल, वाला त्रिपुरासुन्दरी, जुम्लाको नेपाली भाषा तथा सभ्यताको उद्गमथलो लगायत सिञ्जा उपत्यका जहिले पनि ओझेलमै रहे ।

यस क्षेत्रमा पुग्न यातायातको सुविधा र विलासी प्रकृतिका पर्यटकहरूका लागि नेपालमा पर्याप्त सुविधा-सम्पन्न होटलहरू सञ्चालनमा ल्याउन नसक्नुले कर्णालीको पर्यटन विकास पछीड पऱ्यो । यसै क्षेत्र भएर जाने मानसरोवर कैलाशको पैदल यात्रापनि ओझेमै पऱ्यो । विकटताका कारण कर्णाली र सुदूरपश्चिममा कहिलै बाह्य पर्यटक सहज रूपमा जान पाएनन् । सुदुरपश्चिममा रहेका अपी हिमाल, खप्तड राष्ट्रिय निकुञ्ज, विश्वकै दुर्लभ बाह्रसिंगाको झुण्ड देख्न सकिने कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, नेपालकै सबैभन्दा लामो झोलुंगे पुल, घोडाघोडी ताल, रामारोशन ताल ओझेलमा परेका छन् । त्यस्ता स्थानको बारेमा खोजी हुनु जरूरी छ । पर्यटक हरूलाई ओझेलमा पारिएका ठाँउसम्म पुऱ्याई नेपाली संस्कृति र नेपाली खानाको समेत स्वाद चखाउन सक्नुपर्छ ।

नेपालमा सहर छोडेर हेर्नुपर्ने र घुम्नुपर्ने ठाउँमा कहिलै नत सरकारले पुऱ्याउन सक्यो नत पर्यटक आफै जान सके । सुदूरपश्चिम र कर्णाली प्रदेशमा मात्र होइन सरकारले सहर छोडेर गाउँ र पहाडको विकासको लागि कहिलै चासो दिएको देखिएन ।

पर्यटन उद्योग बाट उल्लेख्य विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना भएको देश हो नेपाल । धार्मिक दृस्टिले भन्ने हो भने हिन्दू र बौद्व सम्पदा यस क्षेत्रको बलियो आकर्षण हो । विश्वको सर्वोच्च पहाड सगरमाथा नेपालमा छ । पर्वतारोहण, साहसिक पर्यटन र वातावरणीय पर्यटन नेपालका महत्वपूर्ण आकर्षण हुन् । विश्व सम्पदा क्षेत्र लुम्बिनी अर्थात गौतम बुद्वको जन्म ठाउँ, नेपालमा छ । भगवान् विष्णुको स्वरूप मानेर पुजिने शालिग्राम नेपालकै गण्डकी नदिमा मात्रै पाइन्छ । धार्मिक पर्यटकको लागी महत्वपूर्ण स्थान मानिए पनि यसको प्रचार गर्न सकिएको छैन । पूर्वाधारविना ठूलो तामझामका बीच ल्याइएको यो पर्यटन वर्षमा दैनिक ६ हजार पर्यटक भित्र्याउने लक्ष्या पूरा गर्न सम्भव देखिँदैन । नेपाल एक अर्धविकसित देश हो । अर्धविकसित देशका राजनितिक दलका विलासी प्रमुख नेताहरूले गाँउ छोडेर राजधानीलाई आफ्नो घरवास बनाइसकेका छन । निर्वाचनमा भोटको मात्रै साइनो राखेका नेताहरूले गाउँसम्म पर्यटन पुऱ्याउन कुनै पहल गरिरहेका छैनन् । राजनितक नेतृत्वले चासो नदिई देसको विकासको आधार मानिने सडक सञ्जाल गाउँसम्म पुग्न सक्दैन र सडक सञ्जाल नपुगी पर्यटन विकट क्षेत्रमा पुग्न सक्दैनन् । विकटता भित्र लुकेको सौन्दर्यताको प्रचार गर्न र पर्यटक भित्र्याई आर्थिक उन्नति गर्न सडक सञ्जाल जोडिन जरुरी छ । नेपालको पश्चिम पहाडदेखि पूर्वी पहाडका विकट क्षेत्रका जनताले पर्यटन वर्षको अनुभव गर्न पाएनन् भने पर्यटन वर्ष सफल भएको मानिएला त ? पर्यटन वर्ष सफल पार्न र नेपाली जनताले पर्यटन व्यवसायबाटै आर्थिक उन्नति गर्ने हो भने सरकारले नेपाली युवाहरूलाई पर्यटन व्यवसायमा लाग्न तालिम दिन जरुरी छ । पर्यटक भित्रयाउन र स्वागत सत्कार, सुरक्षा गर्न नेपाली युवाहरूलाई सक्षम बनाउनुपर्छ । सहरमुखी पर्यटक र विलासितामुखी राजनीतिक दलहरूले नेपालको विकटताको सुन्दरता देख्दैनन् । नयाँ युग बिजुलीको पोलमा सीमित रहेजस्तै पर्यटन वर्ष हिउँले ढाकेका पहाडका डाँडाको फोटो मात्रै सीमित नहोस् । टोपी र हिउँको फोटोले एकदिने राष्ट्रवाद र एक दिने टुरिस्ट गाइडको मात्र नेपालका पूर्वपश्चिम पहाडका विकटताभित्रको सुन्दरताको प्रचार गरियोस् ।

विश्व राजनीतिक इतिहासमा संविधानसभा

मिलन आफन्त

विश्वको संवैधानिक इतिहास हेर्दा विभिन्न मुलुकहरूमा संविधान सभामार्फत संविधान निर्माण भएको देखिन्छ । तर, संविधानसभामार्फत बनेको संविधान निमार्ण गर्न जटिल मोडहरू पार गर्नुपरेको पनि पाइएको छ । संयुक्त राज्य अमेरिका, सोभियत रुस, भारत जस्ता राष्ट्रहरूले संविधानसभामार्फत संविधान निमार्ण गर्ने प्रक्रिया अवलम्बन गरिसकेको छन् । विश्वका विभिन्न देशहरूमा संविधानसभाको प्रयोग कसरी भएको थियो ? भन्ने जिज्ञासालाई ध्यान दिँदै यो लेख तयार पार्ने जमर्को गरिएको हो । हाम्रो देश नेपालमा पनि विश्वको उत्कृष्ट संविधान निर्माण भएको छ ।

संयुक्त राज्य अमेरिका

अमेरिकाको वर्तमान संविधान निर्माण गर्न दुई पटक संविधानसभाको प्रक्रिया अपनाइएको इतिहास साक्षी छ । सन् १७७६ मा अमेरिका स्वतन्त्र भएपछि महाद्वीप कांग्रेसको सन् १७७७ नोभेम्बर १५ का

मस्यौदालाई सन् १७८१ म १३ राज्यले स्वीकृति दिए तर उक्त संविधान चार वर्षभन्दा बढी टिक्न सकेन । १७८५ देखि एक वर्षसम्म व्यापारीहरूको नेतृत्वमा अमेरिकी जनताले संविधानबारे देशभरि बहस चलाए । त्यसपछि १७ सेप्टेम्बर १७८७ मा पुनः फिलाडेल्फियामा नै संविधानसभा बोलाइयो, जुन संविधान सभाको भेलामा १२ राज्यका ५५ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यसपछि उनीहरूबीच १६ हप्ता सम्म चर्को बहस चलेपछि एउटा संविधान निर्माण हुन सक्यो, जसलाई राज्यले पनि स्वीकार गऱ्यो । सो संविधान अहिले पनि अमेरिकामा क्रियाशील छ ।

सोभियत रुस

बोल्सेभिक क्रान्ति सफल हुनु अघि सोभियत रुस राजनीतिक तथा आर्थिक दृष्किोणबाट निकै नै पिछडिएको थियो । जार सम्राटहरूको निरंकुशताले जनता हायल कायल भएका थिए । तर, भी .आई. लेनिनले जनताको पक्षमा गरेको युद्धले सफलता पाएपछि भने सोभियत रुसका जनतामा आशाका किरणहरू छाउन थाल्यो । सन् १९१७ मा बोल्सेभिक क्रान्ति सफल भएपछि राज्यसत्ता जनतामा निहित हुन पुग्यो ।

सन् १९१७ को मार्च महिनामा अखिल रुसी कांग्रेसको अधिवेशन भयो, जसमा समाजबादी संघिय सोभियत गणराज्य स्थापना गर्न एक संविधानको मस्यौदा तयार पार्ने विषयमा छलफलपछि सन् १९२६ मा नयाँ संविधानको मस्यौदा तयार गरेर जनमत लिने कार्य गरियो । त्यसपछि डिसेम्बर ५ मा नयाँ जनमत संग्रहद्वारा पारित गरियो । त्यो संविधान

सन् १९१७ को मार्च महिनामा अखिल रुसी कांग्रेसको अधिवेशन भयो, जसमा समाजबादी संघिय सोभियत गणराज्य स्थापना गर्न एक संविधानको मस्यौदा तयार पार्ने विषयमा छलफलपछि सन् १९२६ मा नयाँ संविधानको मस्यौदा तयार गरेर जनमत लिने कार्य गरियो । त्यसपछि डिसेम्बर ५ मा नयाँ जनमत संग्रहद्वारा पारित गरियो । त्यो संविधान तत्कालीन समयदेखि वर्तमान रुसको संविधान आउनु पूर्वसम्म रहिरहेको थियो । हाल रुसमा प्रजातन्त्र आएपछि भने संविधानसभामार्फत नयाँ संविधानको निर्माण गरी अघि बढेको छ जसले सफलताको आफ्नो १० वर्ष बिताइसकेको छ

प्रजातन्त्र आएपछि भने संविधानसभामार्फत नयाँ

भारत

विशाल प्रजातान्त्रिक राष्ट्र भारत पनि संविधान सभाको माध्यमबाट संविधान निर्माण गर्ने एक प्रमुख राष्ट्र हो । महान नेता महात्मा गान्धीको नेतृत्वमा भारतीय स्वतन्त्रता संग्रामले चरमोत्कर्ष रूप लिएपछि सन् १९४२ मा ब्रिटिशहरूले भारतलाई स्वतन्त्रता दिने निर्णय गरेका थिए । त्यसपछि ब्रिटिसद्वारा प्रस्तुत संघीय शासन व्यवस्थाको योजनालाई पूर्णरूपमा अस्वीकार गर्दै सन् १९४६ मा सम्पूर्ण भारतीय जनताले भारतीय जनजीवन अनुकुल संविधान निर्माणको माग गरे जस अनुरूप सन् १९४६ जुलाईमा केबिनेट मिसनअन्तर्गत संविधानसभाको गठन गरियो ।

स्वतन्त्र भारतको संविधानसभाको गठन त्यसै सन् १९४६ मा नै चुनावद्वारा बनेको प्रान्तिय सभाद्धारा निर्वाचित सदस्यहरू र केन्द्रियसभाका सदस्यहरू सम्मिलित गरि निर्माण गरिएको थियो । भारतीय राष्ट्रिय कांग्रेस अत्याधिक उपस्थिति रहेको डिसेम्बर ९ सन् १९४६ मा संविधानसभाको पहिलो बैठकलाई दोस्रो प्रमुख दल मुस्लिम लिगले बहिस्कार गयो ।

सचिदानन्द सिन्हको अध्यक्षतामा बसेको बैठकले पर्याप्त सफलता हासिल गर्न नसकेछि सन् १९४७ अगस्ट २९ मा बसेको संविधानसभाको अर्को बैठकले डा.भिमराव अम्बेडकरको अध्यक्षतामा सात सदस्यीय नयाँ संविधान मस्यौदा समिति निर्माण गयो । समितिले झण्डै ६ महिना लगाएर नयाँ संविधानको मस्यौदा तयार पारेपछि उक्त मस्यौदा उपर ४ नोभेम्बर १९४८ देखि संविधानसभामा छलफल सुरू भयो । ११४ दिनको व्यापक बहश

सदस्यहरूको सर्वसम्मतिले अनुमोदित उक्त संविधान २६ जनवरी १९५० देखि भारतभर लागू गरिएको हो, जुन आजसम्म पनि सफलता साथ क्रियाशील देखिन्छ ।

दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाको संवैधानिक इतिहासलाई फर्केर हेर्ने हो भने दक्षिण अफ्रिकाको संविधानसभाको पहिलो अधिवेशन सन् १९०८ को अक्टुबरमा डरबानामा भएको देखिन्छ । सन् १९०९ को फेब्रुअरीमा केपटाउनमा पहिलो संविधान मस्यौदा तयार भएको थियो , जसलाई विधेयकको रूपमा अनुमोदन गर्न चारै वटा औपनिवेशिक संसद्मा पेस गरिएको थियो ।

अन्तिम अधिवेशन ती सबै प्रस्तावसहित सन् १९०९ कै जुन महिनामा बालो एम्फो टिनमा भएको थियो, जहाँ चार औपनिवेशिक राज्यको सहिभागिता थियो । लर्डडी भिल्लर केपटाउन उपनिवेशका प्रधानन्यायधीश थिए । उनलाई नै राष्ट्रपतिमा निर्वाचन गरियो । त्यस संविधानलाई त्यस समयमा सफलता पुर्वक दक्षिण अफ्रिकामा लागू गरियो ।

सन् १९९४ को निर्वाचनपछि अर्थात् सर्वदलीय सहमतिका आधारमा भएको ऐतिहासिक पहिलो जातिभेदविहीन लोकतान्त्रिक चुनावपछि दक्षिण अफ्रिकामा अन्तरिम संविधानअन्तर्गत सरकार बन्यो । यसै संविधानले संविधानसभाको मस्यौदा तयार गरी १९९६ को मे ९ मा स्थायी संविधान बनायो । संवैधानिक अदालतले उक्त संविधानको जाँच गरी १९९६ कै डिसेम्वर २ मा प्रमाण पत्र प्रदान गरेको थियो । १० डिसेम्बर १९९६ मा संविधान तयार गरियो । देशका सबै भाषामा यसलाई प्रकाशित

बौद्धस्थललाई पर्यटकीय पूर्वाधार बनाऊ

निरा गौतम

लुम्बिनी र यस क्षेत्रका अन्य बौद्ध क्षेत्रहरू विश्वभरका पर्यटकका लागि आकर्षक गन्तव्य हुन् । यी गन्तव्यहरूको प्रवर्द्धनका लागि प्रदेश ५ सरकारले लुम्बिनी भ्रमण वर्ष समेत मनाइरहेको छ । लुम्बिनी क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन उल्लेख्य रूपमा बढाउन 'बुद्ध जन्मस्थल लुम्बिनी जाऔं: शान्तिको सन्देश फैलाऔं' भन्ने मूल नारासहित बौद्ध स्थलहरूमा विभिन्न प्रवर्द्धनात्मक तथा आध्यात्मिक गतिविधि सञ्चालन गरिएका छन् । लुम्बिनीमा मात्र सीमित रहेका पर्यटकीय गतिविधिहरू भ्रमण वर्षका कारण यससँग सम्बन्धित बौद्ध स्थलहरूमा पनि आयोजना हुन थालेका छन् ।

लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत पुरातात्विक महत्वको क्षेत्र हो । यहाँ शान्तिका नायक गौतम बुद्धको इसापूर्व ६२३ मा जन्म भएको थियो । यो भूमि संसारभरका बुद्धमार्गी र शान्तिप्रेमीहरूका लागि पवित्र गन्तव्यको रूपमा रहेको छ । सन् १९७८ मा प्रो. केन्जो टांगेले तयार पारेको लुम्बिनी गुरुयोजना अनुसारको काम सम्पन्न हुन अझै केही वर्ष लाग्नेछ । यद्यपि, लुम्बिनी अब घुम्नलायक आकर्षक गन्तव्यको रूपमा तयार भएको छ र यसैकारण यो वर्ष यसको प्रवर्द्धनका लागि लुम्बिनी भ्रमण वर्ष घोषणा गरिएको हो । प्रदेश सरकारले लुम्बिनी भ्रमण वर्ष घोषणा गरेसँगै पर्यटन गतिविधि बढेको त देखिन्छ तर पर्यटकको बसाइ अवधि भने लम्बिन सकेको छैन ।

भैरहवा-लुम्बिनी सडक खण्ड निर्माणको क्रममा रहेको र वैकल्पिक सडकको विषयमा जानकारी नहुँदा पर्यटक आवागमनमा कमी आएको लुम्बिनी होटल संघका अध्यक्ष मिथुनमान श्रेष्ठले बताए । 'लुम्बिनी भ्रमण वर्षका कारण यहाँ पर्यटकीय गतिविधि बढेका छन् जसले गर्दा पर्यटन व्यवसायीहरू उत्साहित छन् तर, पर्यटकहरूको बसाइ अवधि कम छ,' अध्यक्ष श्रेष्ठले भने, 'अब बसाइ अवधि लम्ब्याउन पर्यटकीय प्याकेजको तयारीमा लागेका छौं ।'

लुम्बिनीदेखि करिब २८ किलोमिटरको दूरीमा सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको स्थान तिलौराकोट छ तर, लुम्बिनी आउने अधिकांश पर्यटक यो पवित्र स्थानमा पुगेका हुँदैनन् । अहिले सडक निर्माणको क्रममा रहेकाले पर्यटकहरू लुम्बिनीबाट सहजै तिलौराकोट पुग्ने अवस्था छैन । पूर्व-पश्चिम राजमार्गबाट तिलौराकोट जान निकै सजिलो छ । कपिलवस्तुको गोरुसिंगेबाट ११ किलोमिटरको दूरीमा सजिलै तिलौराकोट पुग्न सकिन्छ । अर्कोतर्फ तिलौराकोटमा पर्याप्त पर्यटकीय पुर्वाधार नहुँदा आकर्षणको केन्द्र बन्न सकेको छैन । विभिन्न अध्ययनहरूले तिलौराकोटमा पर्यटकको बसाइ अवधि औसत ३९ मिनेट मात्र रहेको देखाएको छ । तिलौराकोट आउने पर्यटक पश्चिमी र पूर्वीद्वार तथा मध्य भागमा रहेको राजप्रासाद अवलोकन भ्रमण गरी फर्कने गरेका छन् ।

तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रमाण जुटाउने उद्देश्यले दुरहाम विश्वविद्यालय बेलायत, नेपाल सरकार र विज्ञहरूको संलग्नतामा लुम्बिनी विकास कोषले पुस २२ गतेदेखि पुनः उत्खनन थालेको लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव सरोज भट्टराईले जानकारी दिए । उनले भने, 'अबको दुई वर्षभित्र बुद्धले २९ वर्ष बिताएको राजा शुद्धोदनको दरबार यही हो भनेर अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित गर्ने काम सम्पन्न हुन्छ । यो राष्ट्रकै महत्वको विषय हो ।'

अध्ययनअनुसार तिलौराकोट आएका ११ प्रतिशत मात्रै राजा शुद्धोदन र रानी मायादेवीको समाधिस्थल मानिएको धमनिहवा स्तूप जाने गरेका छन् । यो तिलौराकोट दरबारबाट ७ सय मिटरकै दूरीमा अवस्थित छ । यस्तै, नौ प्रतिशतले मात्रै तिलौराकोटदेखि ७ सय मिटर पश्चिम दक्षिण रहेको कपिलवस्तु संग्राहालय अवलोकन गर्न जाने गरेका छन् । तिलौराकोटबाट सात किलोमिटरको दूरीमा ऋकुछन्द बुद्धको जन्मस्थान गोटिहवा छ । यो स्थानमा भाँचिएको अशोक स्तम्भ र प्राचीन स्तूपको भग्नावशेष छ । यसको पनि उचित प्रचारप्रसार र सम्बर्द्धन हुन सकेको छैन । यहाँ पुग्ने पक्की सडक रहे पनि घुमफिर गरेर समय बिताउने वा आध्यात्मिक चिन्तन मनन गर्ने पूर्वाधार नहुँदा पर्यटकहरू आएका छैनन् । आएका पर्यटक पनि छोटो समयमै फर्किने गरेका छन् ।

यस्तै, कनकमुनि बुद्धको जन्मस्थान निग्लिहवा पनि कपिलवस्तुमै छ । तिलौराकोटदेखि नौ किलोमिटरको दूरीमा यहाँ पुग्न सकिन्छ । यहाँ पनि भाँचिएका अशोक स्तम्भका टुक्रा र निग्लिसागर पोखरी छन् । यस स्तम्भमा उत्कीर्ण अभिलेखले कनकमुनि बुद्धको जन्म यस स्थलमा भएको तथ्य प्रमाणित गर्दछ । यो क्षेत्रमा भ्रमण वर्षको अवसरमा प्रदेश सरकारले पूर्णिमा उत्सव मनाउने बाहेक अन्य पर्यटकीय गतिविधि हुन सकेका छैनन् । यहाँ पनि सडक बाहेकका पर्यटन पूर्वाधार छैनन् ।

तिलौराकोटबाट दश किलोमिटर दूरीमा संरक्षित क्षेत्र अरौराकोट पर्दछ । यस पवित्र स्थललाई कनकमुनि बुद्धको गृहनगरको रूपमा पहिचान गरिएको छ । यहाँ प्राचीन भग्नावशेषहरू रहेका छन् । उचित प्रसारप्रसार नहुँदा यो क्षेत्रको महत्व धेरैले बुझेका छैनन् । प्रदेश सरकारले कनकमुनि बुद्धको गृह नगर अरौराकोट र ऋकुछन्द बुद्धको जन्मस्थान गोटिहवामा यसै वर्ष मूर्ति राख्ने र पर्यटकीय पूर्वाधार निर्माण गर्ने योजना बनाएको छ । हजारौं शाक्यहरूको वध गरिएको क्षेत्र सगरहवा पनि कपिलवस्तुमै पर्छ । तिलौराकोटदेखि आठ किलोमिटर दूरीमा रहेको यो स्थानमा हाल केही भग्नावशेषहरू र एक पोखरी छन् । डा ए फुहररले यस स्थलमा सन् १८९७ मा उत्खनन् गरी बुद्धकालीन अवशेष तथा स्तूपहरू बाहिर निकालेका थिए ।

भगवान् गौतम बुद्धले ज्ञान प्राप्त गरी पहिलोपटक राजधानी आउँदा आफ्ना पिता शुद्धोधन माता प्रजापति गौतमी, पत्नी यशोधरा तथा छोरा राहुललाई भेटघाट गरेको महत्वपूर्ण स्थल निग्रोधाराम पनि कपिलवस्तुमै छ । यो स्थल लुम्बिनीबाट २८ किलोमिटर दक्षिण पश्चिम तथा तिलौराकोटदेखि छ किलोमिटरको दूरीमा पर्दछ । यहाँ पुरातात्विक एवं धार्मिक महत्वका तीन स्तुप, एक पोखरी र एक इनार रहेका छन् । तिलौराकोटबाट १२ किलोमिटर दक्षिणमा सिसहनिया अवस्थित छ । यो स्थलमा शाक्यहरूद्वारा निर्मित प्राचीन स्तूपहरूका भग्नावशेषहरू यत्रतत्र देखिन्छन् । लुम्बिनी विकास कोषका अनुसार यस स्थलको सतहबाट प्राचीन ईंटा, माटोका भाँडाहरू, शाक्यकालीन मुद्राहरू संकलन गरिएको थियो ।

यी बौद्ध स्थलहरूको प्रचारप्रसार र उचित संवर्द्धनको जरुरी छ । प्रचारप्रसारको अभावमा यी क्षेत्रहरूमा पर्यटक नपुगेको देखिन्छ । 'पुरातात्विक हिसाबले यी क्षेत्र महत्वपूर्ण छन् तर, पर्यटकहरू पुगेकै हुँदैनन्,' लुम्बिनी विकास कोषका पुरातत्व अधिकृत हिमाल उप्रेतीले भने, 'पर्यटकलाई आकर्षण गर्न संरचना निर्माण गर्न आवश्यक छ ।'

बुद्ध जन्मस्थल लुम्बिनीबाट ५७ किलोमिटर उत्तरपूर्वमा बुद्धको मावलीस्थल देवदह छ । यो ठाउँ शाक्यमुनि बुद्धको आमा मायादेवी, कान्छी आमा प्रजापति तथा श्रीमती यशोधराको माइती हो । बुद्धको बाल्यकालसँग जोडिएको पुरातात्विक महत्वको क्षेत्रको रूपमा मानिएको यो स्थलको उत्खनन् हुन नसक्दा ओझेलमा परेको छ ।

नवलपरासीको रामग्राम नगरपालिकामा पर्ने रामग्राम ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थल हो । सदरमुकाम परासीदेखि तीन किलोमिटर दक्षिणमा यो क्षेत्र पर्दछ । करिब ८० फिट चौडाइ, ९० फिट लम्बाइ र ३० फिट उचाइ भएको यो स्तूपमा भगवान् गौतम बुद्धको महापरिनिर्वाण पछि अस्तु राखिएको छ । बौद्ध ग्रन्थ अनुसार बुद्धको महापरिनिर्वाणपछि अस्तु कसले लैजाने भन्ने विषयमा विवाद भएपछि आठ भाग लगाइएको थियो । बुद्धको अस्तु मगध, वैशाली, कपिलवस्तु, अल्लकप्प, वैप्दीप, पावा, कुशीनगर र रामग्रामलाइ दिइएको थियो । पछि सम्राट अशोकले सबै राज्यको अस्तु संकलन गरे हात्तीले संरक्षण गरेर राखेकाले रामग्रामको लिन सकेन । पुरातात्विक महत्वको हुँदाहुँदै पनि पूर्वाधार निर्माण र प्रचारप्रसारको अभावमा यो क्षेत्र ओझेलमा छ ।

लुम्बिनी विकास कोष र रामग्राम नगरपालिकाले भौगर्भिक सर्भे गरेर रामग्रामको विकासका लागि गुरुयोजना तयार गरेको विकास कोषका निमित्त सदस्य सचिव भट्टराईले बताए । स्तूपकै स्वरूपमा गोलो आकारमा गुरुयोजना तयार भएको जानकारी दिँदै उनले गुरुयोजनाले १ सय १७ बिघा क्षेत्रफल ओगटेको जानकारी दिए । जग्गा अधिग्रहणका लागि १ खर्ब २० करोड रुपैयाँ बजेट लाग्छ र यो रकम सरकारसँग माग गरिएको छ । 'यो ठाउँलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रमाण जुटाउने कार्यमा लागेको छौं,' उनले भने ।

पुड्केको जुक्ति...

नारायण ढुंगाना

अघिल्लो वर्ष चन्द्रमान श्रेष्ठको रातेसँग शिव ढकाल 'झटे'ले किनेको पुड्के (गोरुको नाम) प्रतिस्पर्धामा उत्रियो । उसले रातेविरुद्ध सहजै जित हासिल गर्‍यो । ढकालले पुड्केलाई नजिकैको कुमार अधिकारीसँग खरिद गरेर ल्याएका थिए ।

लगत्तै फ्याक्सेका लाल श्रेष्ठले खरिद गरेर लगे । पुड्के गाउँ कटेपछि तारकेश्वर गाउँपालिका-३ जोरचौताराका कुमार अधिकारीको मन कुँडियो । विगतमा खान्की पुर्‍याउन नसकेर बेचे पनि पुड्केलाई पुनः घर फर्काएर ल्याए । एक त ज्ञानी, अब्बल, नल्याई भो, मुस्कुराउँदै उनले भने । कुमारले अरू बेला खनजोतमा प्रयोग गरे पनि तीन महिनादेखि पुड्केको पालनपोषणमै समय खर्चिए ।

छ वर्षको पुड्के हेर्दा सानो गाँठीको भए पनि कसिलो जुरो र मोटो सिङ छ उसको । पहेँलोको जोडी बालखैदेखि चामल, घ्यू, नौनी, अण्डा खान्थ्यो । खेती कमाइ नियमित दिँदै आएको छ । बाबुसँगै छोरा श्यामसुन्दर उसकै स्याहारसुसारमा लाग्ने गर्थे । अन्ततः उनीहरूको प्रयास खेर गएन । यसपालि बुधबार नुवाकोटको तारुकामा भएको प्रतिस्पर्धामा हक्वाँ.. हक्वाँ गर्दै पुड्के आयो । एकछिन खुट्टाले जमिन खोस्र्‍यो, जमिनमै सिंगौरी खेल्यो । लाले । विकास भण्डारीको लालेसँग ऊ सात मिनेट भिड्यो । भिडन्त अवधिभर घमासान भयो । लाले जब्बर थियो । पुष्ट, मोटो अनि सर्लक्क परेको जीउ देख्दा लालेले हार्छ भन्ने दर्शकले सोचेकै थिएनन् । वेलावेलामा पुड्केले काँध दिन्थ्यो । दर्शक अब पुड्केले हार्न लाग्यो भन्थे । हुटिङ आउँथ्यो । पुड्केका मालिक कुमार हरेस नखाई मैदानमै थिए । उसको जुक्ति र दाउ उनीहरूलाई प्रष्ट थाहा थियो ।

अधिकारीले भने, 'थर्काउन उसले काँध(आड) दिन्छ, जित्न कला चाहिन्छ, बल भएर हुँदैन, सिङले भेटेन भने थुतुनाले उधिनेर पाखा लगाउँछ, घुमीघुमी सबै उपाए अपनाउँछ, पुड्केमा यही विशेषता छ ।' उनले गोरु नभएको प्रतिक्रिया दिए ।

'ज्यान सानो छ तर 'पावरदारी' छ, अर्कोको बल धेरै थियो तर बुद्धि र शैली पुगेन, पुड्केको बुद्धि भनेको दाउ हेरेर ठाउँ हेरेर कोख्याउन सक्ने हो ।' अधिकारीले जितपछि भने । उनका अनुसार पुड्केले खाउञ्जेल घाँस दिने गरिएको छ । दिनमा पाथीभन्दा बढी अनाज खान्छ । गोरु जुधाउन श्यामसुन्दर पनि आएका थिए । परिवारको सदस्यझैं पालिएको पुड्केले जितेपछि खुसी भएका उनको गोरुलाई अँगालो हालेर खुसी साटे ।

बेचेको पनि फर्काएर ल्याएँ : पुड्के ६ वर्षअघि गाउँकै शेरबहादुर तामाङको गोठमा जन्मियो । चार वर्षको हुँदा कुमारले किनेर ल्याए । पोहोर यही गोरु शिव ढकाल 'झट्टे'ले खरिद गरी चन्द्रमान श्रेष्ठको रातेसँग भिडाएका थिए । उसका सामु राते निरीह बन्यो । लगत्तै पुड्केलाई फ्याक्सेका लाल श्रेष्ठले खरिद गरे । 'पहिले घरमा खान्की दिन नसकेर पठाएँ, मनमा लहड चल्यो, दुई पटक बिक्री भएको गोरु फेरि फर्काएँ, अधिकारीले भने ।

छोरा १७ वर्षका श्यामसुन्दरको नामबाट यसपालि बुधबार पुड्के मैदानमा गएको थियो । उनले भने, पुड्केले भनेको मान्छ, कसैलाई हान्दैन, गुनी छ, जुध्न भने पछि पर्दैन, त्यसैले यो मेरो साथी हो ।' उनको पुड्केका हली पनि छन् । सानै उमेरमा जोत्ने, साउने काम आफैं गर्छन् ।

तारुकामा २१ हल जुधे : पुड्के र लालेसहित यसपालि नुवाकोटको चन्दनीको कटरफेदमा २१ हल प्रतियोगी गोरु जुधे । एक हल अप्रतियोगी थियो । रेवती बखरेलले ६ वर्षको मालेलाई पहिलोपटक सहभागी गराए । सिउरेनीका राजकुमार श्रेष्ठको रातेसँग माले दुई मिनेट पनि टिकेन ।

अर्जुन भण्डारीको मृगे र नवराज ढकालको काले २४ मिनेट भिडे । अन्ततः मृगेको सामु काले निरिह बन्यो । सुरुमा घमासान लडेको विष्णु श्रेष्ठको फुर्के हीरालाल श्रेष्ठको बाबुसँग नौ मिनेट भिडेर भाग्यो । केही गोरु रगताम्मे हुँदा पनि लडे । केही गोरु मैदानमा जुध्दै नजुधी फर्किए । केही गोरु मैदानमा साथी बनेर फर्किएको रोमाञ्चक क्षण देखिएको थियो । यहाँ देखिएको फरकफरक दृश्य हेरेर उपस्थित दर्शकले मनोरञ्जलन लिएका थिए । युवापुस्ता सेल्फी लिँदै सामाजिक सञ्जालमा 'लाइभ' र 'पोस्ट' गर्दै थिए भने बूढापाकाले वास्तवमै मनोरञ्जन लिएका थिए । मेला व्यवस्थापन समितिका कोषाध्यक्ष मदनकुमार श्रेष्ठ नेपालको गौरव र तारुकाको पौरखको रूपमा रहेको गोरु जुधाउने मेला यहाँको संस्कृति रहेको बताए ।

ठूलो पाटोमा जुधाइन्छ गोरु : चन्दनीस्थित झमबहादुर प्रधानको कटरको फेदको बारीको पाटोमा हरेक वर्ष गोरु जुधाइन्छ । दर्शक कान्ला र माथिल्लो पाटोको डाँडाभरि भरिन्छन् । स्थानीय रामजी ढुंगाना आफूले जान्ने भएदेखि गोरु जुधेको हेर्न कहिल्यै नछुटाएको बताए । यो गाउँको ठूलो चाड भएको उनको बुझाइ हेर्न यही वेला फर्कने गरेको स्थानीयको भनाइ छ ।

गोरु जुधाउने पाटोसहितको जग्गा सात रोपनीको छ । बझाङी राजा जय पृथ्वीबहादुर सिंह व्रतबन्ध गर्न यहाँको कोट दरबारमा आउँदा गोरु जुधाएको हेर्न मन लागेकाले त्यो वेलादेखि यहाँ गोरुजुधाइ मेला थालिएको ८४ वर्षीय प्रधानले सुनाए । उनले आफ्नो बारीको पाटोलाई रंगशाला बनाउने सोच भए पनि पैसा अभाव भएको गुनासो गरे । यहाँ ०६३ सालपछि व्यवस्थित रूपमा गोरु जुधाउने परम्पराको थालनी गरिएको हो । बारीको पाटोलाई अझै व्यवस्थित बनाउने स्थानीयको सोच छ । यो मेलालाई सरकारले सहयोग गरेको छ । पशु अधिकारकर्मीबाट विरोध भइरहेको छ भन्ने जिज्ञासामा प्रधानले विरोधले केही नहुने दाबी गरे ।

मिति यकिन नभए पनि एक शताब्दी अघिदेखि चली आएको गोरु जुधाउने पर्वको पशु अधिकारकर्मीले सामाजिक सञ्जालबाट विरोध गरिरहेका छन् । साहित्यकार एलवी क्षेत्रीले सामाजिक सञ्जालबाट प्रश्न गरे, 'यी 'बुल'हरू कसको मनोरञ्जनका लागि लड्छन् ? आफ्नो वा दर्शकको ?' पशु अधिकारकर्मी विना पन्तले गोरु जुधाइलाई नराम्रो संस्कृतिको संज्ञा दिइन् । तारुकाको चन्दनीमा विरोधको कुनै गुञ्जायस थिएन । गाउँगाउँबाट हजारौं मानिस पर्व हेर्न ओइरिएका थिए । नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइराला पनि सो

महोत्सवमा ८० चलचित्र

niff
NEPAL INTERNATIONAL FILM FESTIVAL
OFFICIAL ANNOUNCEMENT
MEET

सौर्य समाचार

काठमाडौं । नेपाली चलचित्रलाई अन्तर ाष्ट्रियस्तरसम्म लैजाने उद्देश्यका साथ पाँच दिने चलचित्र महोत्सव हुने भएको छ । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा १ फागुनदेखि ५ गतेसम्म तेस्रो नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) हुन लागको हो ।

नेपाली चलचित्रको रचनात्मक विकास एवं विस्तार गर्ने लक्ष्यका साथ महोत्वस गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष केपी पाठकले बताए । बिहीबार राजधानीमा आयोजित पत्रकार सम्मेलन उनले महोत्सवमा ८० चलचित्र प्रदर्शन हुने जानकारी दिए । उनका अनुसार महोत्सवमा १० अन्तर्राष्ट्रिय कथानक चलचित्र, ५ नेपाली कथानक चलचित्र, १५ नेपाली लघुचलचित्र, ३५ लघुचलचित्र, ८ वृत्तचित्र र ६ एनिमेटेड चलचित्र प्रदर्शन गरिनेछ । 'विश्वका कथाहरूको कथ्य उत्सव' नारासहित सुरु हुन लागेको महोत्सवमा कथानक चलचित्र, वृत्तचित्र र एनिमेटेड विधाका उत्कृष्ट चलचित्रलाई छुट्टाछुट्टै पुरस्कार प्रदान गरिनेछ ।

आयोजकले ५५ देशबाट ६ सयभन्दा बढी चलचित्र महोत्सवमा सहभागी हुन आएकोमा तीमध्येबाट उत्कृष्ट ८० वटा छानिएको जनाएको छ । अध्यक्ष पाठकले एनिमेसन र वृत्तचित्रको विधा यो वर्षबाट थप गरिएको बताए । अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सर्वोत्कृष्ट कथानक चलचित्रलाई गौतम बुद्ध अवार्डसहित १ हजार ५ सय अमेरिकी डलर प्रदान गरिनेछ । त्यस्तै, सर्वोत्कृष्ट वृत्तचित्रलाई माउन्ट एभरेस्ट अवार्डसहित १ हजार अमेरिकी डलर, सर्वोत्कृष्ट एनिमेटेड चलचित्रलाई मञ्जुश्री अवार्डसहित ७ सय ५० अमेरिकी डलर र सर्वोत्कृष्ट लघु चलचित्र वागमती अवार्डसहित ५ सय डलर प्रदान गरिनेछ ।

अध्यक्ष पाठकका अनुसार नेपाली उत्कृष्ट चलचित्रलाई १ लाख र उत्कृष्ट लघुचलचित्रलाई ४० हजार रुपैयाँसहित पुरस्कार प्रदान गरिनेछ । कथानक चलचित्रको निर्णायक मण्डलमा बलिउड निर्देशक प्रकाश झाको नेतृत्वमा नेपाली अभिनेत्री गौरी मल्ल, मञ्जुकुमार श्रेष्ठ, पोर्चुगिज फिल्ममेकर जाओ पाओलो र सिंगापुरका फिल्ममेकर युनी हाडी सदस्य छन् ।

त्यस्तै, लघुचलचित्र, वृत्तचित्र तथा एनिमेटेड चलचित्रको मूल्यांकनका लागि श्रीलंकन निर्माता अनोमा राजाकरुणको संयोजनमा एक समिति बनाइएको छ । महोत्वसमा चलचित्रका विविध विषयमाथि बहससमेत गरिने आयोजकले जनाएको छ ।

किताब जात्रा हुँदै

सौर्य समाचार

KITAB JATRA

काठमाडौं । पठन संस्कृतिको विकास तथा विस्तार गर्ने लक्ष्यका साथ 'किताब जात्रा २०२०' हुने भएको छ । आगामी १८ माघमा बानेश्वरस्थित होटल एभरेस्टमा हुने एक दिने जात्रा किताब यात्रा फाउन्डेसनको आयोजना र अनलाइनमार्फत घरमै किताब पुऱ्याइरहेको किताब यात्रा प्रालिको सह-आयोजनामा हुन लागेको हो ।

जात्राको सन्दर्भ पारेर पठन संस्कृतिको विकास र विस्तारका विविध आयामबारे तीन फरक सत्रमा बहससमेत हुने आयोजकले जनाएको छ । उक्त बहसमा साहित्यकार नयनराज पाण्डे, सञ्चारकर्मी नारायण वाग्ले, सुधीर शर्मा, विश्लेषक विश्वभक्त दुलाल 'आहुति', लेखक सरस्वती प्रतिक्षा, बैंकर अनिलकेशरी शाह, अशोक शेरचन, टिकाराम यात्रीलगायत लेखक, पत्रकार, कलाकार वक्ताका रूपमा सहभागी हुने आयोजकले जनाएको छ ।

जात्राका संयोजक ऋषिराम अधिकारीले पठन संस्कृति र यसका विविध आयामका बारेमा गहन बहस गर्ने गरी कार्यक्रम तय गरेको बताए । उनले भने, 'समाजमा अझै शैक्षिक योग्यता मापनका लागि वा साहित्यिक लेखनको उर्जाका लागि मात्रै पठन आवश्यक छ भन्ने मान्यता पाइन्छ । तर साहित्य, कला, उद्यम, राजनीतिलगायत हरेक क्षेत्रमा क्षेत्रमा पठनले गहिरो प्रभाव पार्छ । त्यो प्रभाव कस्तो हुन्छ भन्ने अनुभूति बहसमा सहभागी हुने विविध क्षेत्रका व्यक्तित्वबाट सुन्नेछौं ।'

सो अवसरमा समाज तथा शिक्षासेवी प्रेमप्रसाद अधिकारीको स्मृतिमा स्थापित 'प्रेम साहित्य सम्मान' पहिलो पटक प्रदान गरिँदैछ । नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याइरहेका व्यक्तित्वलाई हरेक वर्ष सम्मान प्रदान गरिने संरक्षक बालकुमारी अधिकारीले बताइन् । जात्रामा यस वर्ष किताब यात्रा डटकमबाट सबैभन्दा बढी बिक्री भएको पुस्तकलाई 'किताब यात्रा बेस्ट सेलर अवार्ड' समेत प्रदान गरिने जनाइएको छ ।

त्यस्तै, जात्राको काव्य शिविर सत्रमा गजलकार बाबु त्रिपाठी, कवि नवराज पराजुलीलगायतका स्रष्टाको प्रस्तुति रहने छ । अधिकारीले पठन संस्कृतिलाई जीवनशैलीमा बदल्ने अभियान चलाउन फाउन्डेसनको स्थापना भएको बताए । उनले जात्रामा नेपाली र विदेशी गरी सयभन्दा बढी प्रकाशनका पुस्तक छुटसहित उपलब्ध हुने जनाए ।

किताब यात्रा प्रालिका निर्देशक कृपेश किशोर घिमिरेले जात्रामा किताबसँगै विविध रोचक क्रियाकलाप हेर्न र त्यसमा सहभागी हुन पाइने बताए । उनले जात्रामा 'कला प्रदर्शनी, किताब क्विज, फेस पेन्टिङ, लाइभ प्रिन्टिङ, साहित्यिक उपहारलगायतका क्रियाकलाप समेट्ने छौं ।'

पुस्तकमा देवघाट

सौर्य समाचार

तनहुँ । धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यावरणीय दृष्टिले महत्वपूर्ण स्थलका रूपमा परिचित देवघाटबारे पुस्तिका प्रकाशनमा आएको छ । देवघाट गाउँपालिकाले पवित्र तीर्थस्थल देवघाटका पर्यटकीय तथा धार्मिक सम्पदा समेटिएको पुस्तिका प्रकाशन गरेको हो । नेपाल भ्रमण वर्ष २०२० लाई सन्दर्भ पारेर गाउँपालिकाले यस क्षेत्रमा रहेका जीवन्त सम्पदा समेटिएको पुस्तिका प्रकाशन ल्याएको जनाएको छ । देवघाटका महत्वपूर्ण ठाउँको प्रचारप्रसार गर्ने उद्देश्यसहित पुस्तिका प्रकाशन गरिएको गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर रानाले जानकारी दिए । उनले भने, 'देवघाट नेपालमा मात्रै नभई विदेशमा समेत प्रख्यात रहेको ठाउँ हो, देवघाटमा वार्षिकरूपमा लाखौं भक्तजन आउने गरेका छन् ।' उनले एउटै पुस्तकमार्फत् यहाँका ठाउँहरूको बारेमा जानकारी दिन पुस्तिका प्रकाशन गरिएको सुनाए ।

पुस्तिकामा देवघाटको चक्रवर्ती मन्दिर, गलेश्वर आश्रम, महेश सन्न्यास आश्रम, हरिहर सन्यास आश्रम, वेणी संगमस्थल, सीता गुफा, देवपुर सामुदायिक घरबास, गोपीटार सामुदायिक घरबास, खाल्टे सामुदायिक घरबास, कोटा रंगशाला, छरछरे झरना, घण्टाचुली, प्याउलीगढी, सिन्च्यांगढी, पालुराज मन्दिर, सीता गुफा, बौद्ध गुम्बालगायतका पर्यटकीय गन्तव्यलाई समेटिएको छ । गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले उक्त पुस्तिकाको विमोचन गर्दै देवघाटधामको ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्व भएकाले कालीगण्डकी नदी डाइभर्सन गर्न नदिइने जिकिर गरे । उनले भने, 'कालीगण्डकी नदीकै कारण देवघाट र गण्डकी प्रदेशको अस्तित्व रहेको हुनाले यसको संरक्षणमा गण्डकी प्रदेश सरकार लाग्दछ ।'

देवघाट क्षेत्रका धार्मिक तथा पर्यटकीय स्थल चिनाउनको लागि तनहुँ र चितवन जोड्ने त्रिशुली नदीको पुलको मुलमा चिनारी बोर्ड स्थापना गरिएको छ । नेपाल भ्रमण वर्ष २०२० मा देवघाट घुम्न आउने पर्यटकलाई देवघाटधाम क्षेत्रको प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूको बारेमा जानकारी दिलाउन मुख्य स्थानहरूमा देवघाट क्षेत्र विकास समितिले बोर्ड स्थापना गरेको हो । देवघाट घुम्न आउने पर्यटकहरूलाई जानकारी गराउने उद्देश्यसहित मुख्य धार्मिक तथा पर्यटकीय स्थलका बारेमा नाम र नक्सासहितको बोर्ड स्थापना गरिएको समितिका अध्यक्ष शिवराज पौडेलले जानकारी दिए ।

'तानाजी' को सय करोड

एजेन्सी

मुम्बई । बलिउड अभिनेता अजय देवगन र अभिनेत्री काजोल अभिनीत चलचित्र 'तानाजी द अनसंग वारियर' बक्सअफिसमा राम्रो कमाइ गरेको छ । प्रदर्शनको ६ दिनमै यसले सय करोड बढी कमाइ गर्न सफल भएको छ । प्रदर्शनमा आएको ६ दिनमै यस चलचित्रले १ सय ७ करोड ६८ लाख कमाइ गरेको छ । योसँगै 'तानाजी...' २०२० को पहिलो सय करोड कमाइ गर्ने चलचित्र बनेको छ ।

यस चलचित्रको पछिल्लो कमाइको तथ्यांक सार्वजनिक गर्दै बजार विश्लेषक तरण आदर्शले लेखेका छन्, 'तानाजी सय करोड क्लबमा नटआउट कलेक्सन गरिरहेको छ । फिल्मले छैठौं दिन चौथो र पाँचौं दिनभन्दा बढी संकलन गरेको छ ।' उनले सुरुका दिनमा भन्दा पछिल्ला दिनमा तानाजीले राम्रो कमाइ गरेको र व्यापार बढाउँदै लगेको जनाएका छन् । उनका अनुसार यो चलचित्रले १ सय ५० करोडको दिशातर्फ लागेको छ । यस चलचित्रले आइतबार सबैभन्दा बढी कमाइ गरेको थियो । चलचित्रले शुक्रबार १५ करोड १० लाख, शनिबार २० करोड ५७ लाख, आइतबार २६ करोड २६ लाख, सोमबार १३ करोड ५७ लाख, मंगलबार १५ करोड २८ लाख र बुधवार १६ करोड ७२ लाख संकलन गरेको छ ।

तानाजीले अजयका यसअघिका सफल आठ चलचित्रको रेकर्डलाई ब्रेक गर्दै नयाँ रेकर्ड कायम गर्न सफल भएको छ । अभिनेता अजयका 'गोलमाल' ३ ले १ सय ६ करोड ३४ लाख, 'सन अफ सरदार' ले १ सय ५ करोड ३ लाख, 'रेड' ले १ सय ३ करोड ६७ लाख, 'दे दे प्यार दे' ले १ सय ३ करोड, 'बोल बच्चन' ले १ सय २ करोड 'शिवाय' ले एक सय करोड ३५ लाख 'सिंघम' ले पनि सय करोड र 'राजनीति' ले ९३ करोड कमाइ गरेका थिए । तानाजीसँगै प्रदर्शन आएको बलिउड अभिनेत्री दीपिका पादुकोणको चलचित्र 'छपाक' ले भने बक्सअफिसमा खासै राम्रो गर्न सकेको छैन । 'छपाक' ले ६ दिनमा जम्मा २६ करोड ५३ लाख कमाइ गरेको

'जेन्डर केज' मा पुनः दीपिका

एजेन्सी

मुम्बई । एसिडपीडित युवतीको कथामा आधारित बलिउड अभिनेत्री दीपिका पादुकोण अभिनीत चलचित्र 'छपाक' यतिवेला प्रदर्शनमा छ । विवादका बीच चलचित्रमा उनको भूमिकालाई थुप्रै दर्शकले मन पराएका छन् । बलिउड अभिनेता शाहरूख खानको 'ओम शान्ति ओम' बाट चलचित्रमा डेब्यु गरेकी अभिनेत्री दीपिका अहिले लोकप्रिय अभिनेत्रीका रूपमा परिचित छन् ।

हलिउडमा समेत उनले सन् २०१७ मा धमाकेदार डेब्यु गरिन् । हलिउड चलचित्र 'द रिटर्न अफ जेन्डर केज' मा सेरेनाको भूमिकामा उनले सुपरस्टार विन डिजलसँग काम गरिन् । यसै चलचित्रको अर्को शृंखलामा समेत फेरि दीपिकाले काम गर्ने सम्भावना छ । अभिनेता डिजलले भने यस शृंखलाको एक सय एक चलचित्रमा काम गरिसकेका छन् । उक्त चलचित्रका प्रायः सबै कलाकारसँग उनले पारिवारिक सम्बन्ध बनाउन सफल रहे ।

अभिनेता डिजलले हालै इन्स्टाग्राममा एक तस्बिर पोस्ट गर्दै अभिनेत्री दीपिकाको नाममा ह्यास ट्याग गरेका छन् । जुन देख्दा यस्तो लाग्छ कि फेरि एक पटक जेन्डर केज पुनः काम गर्दैछन् । उक्त तस्बिरको क्याप्सनको अन्तिममा 'जेन्डर केज ५' मा दीपिकाको नामको पनि ह्यास ट्याग छ । यसैबाट अनुमान गर्न सकिन्छ कि यसको आगामी चलचित्रमा दीपिकालाई पुनः देख्न सकिन्छ ।

फ्ल्याट भाडामा दिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/१०/०३)

यस संस्थाको ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १९ कुमारीपाटी स्थित भवनको भुईतल्ला भाडामा दिनुपर्ने भएको हुँदा भाडामा लिन चाहने इच्छुक व्यक्ति तथा संस्था/ निकायले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको केन्द्रिय कार्यालय नयाँबानेश्वर काठमाडौंमा आइपुग्ने गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

सानोगौचरण, काठमाडौं

दरभाउपत्र आह्वान सम्वन्धी सूचना

सूचना नं : १६-०७६/७७
प्रकाशन मितिः २०७६।१०।०३

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि शिलबन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सूचना प्रकाशित भएको मितिले १७ औ दिन (मिति २०७६/१०/१९ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटः www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

S. N.	Contract No.	Description of Work	Estimated Amount (w/o VAT)	Bid Security	Cost of the Bidding Document	Last Date and Time for Bid Purchase & Submission
1	FSCMO/ 34-076/77 (Works)	**Various maintenance including drain and improvement works inside Special Court Premises.**	12,81,938.18	36,000.00	1,000.00	**2076/10/19 12 pm**
2	FSCMO/ 35-076/77 (Works)	**Construction of compound wall, drainage works and other maintenance works at Dillibazar Prison.**	12,78,419.90	36,000.00	1,000.00	**2076/10/19 12 pm**

कालीमाटी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

रामपुर, सल्यान
कर्णालीप्रदेश नेपाल

बोलपत्रको आशयपत्र सम्बन्धमा

सूचना प्रकाशित मितिः २०७६।१०।०३

उपरोक्त विषयमा यस कार्यालयकोर NCB/KRM/10/076/77Construction of MarchebariTadkeGhumti Water Supply project र NCB/KRM/11/076/77 Construction of Hattidamar Damduwali Lift Water Supply Project का लागि मिति २०७६।०८।२२ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक तथा NCB/KRM/12/076/77 Fabrication Of Steel Parts And Transportation Up To Road Head Of Bairenitara Steel Truss Bridge र NCB/KRM/13/076/77 Fabrication Of Steel Parts And Transportation Up To Road Head Of Tatke Ratamata Suspended Bridge का लागि मिति २०७६।०९।०९ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र तथा दरभाउपत्रहरु मध्ये तपशिल बोलपत्र तथा दरभाउपत्रहरु न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिश भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धित सबैको जानकारीको लागियो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं	ठेक्का नं.	बोलपत्रदाता/दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मुअकर बाहेक)	कबोल अक्षरमा (मुअकर बाहेक
१	NCB/KRM/10 /076/77	श्री माँ कैलाशी कन्ट्रक्सन सल्यान।	रु ३६,०२,८२३।३०	छत्तिस लाख दुई हजार आठ सय तेईस रुपैयाँ तीस पैसा मात्र।
२	NCB/KRM/11 /076/77	श्री तरुण निर्माण सेवासल्यान ।	रु १,४०,२७,०९६।३०	एक करोड चालिस लाख सत्ताईस हजार छयानब्बे रुपैयाँतीस पैसा मात्र ।
३	NCB/KRM/12 /076/77	श्री जुनकिरी ईन्डस्ट्रिज प्रालि बुटवल रुपन्देही	रु १४,४९,२६५।३०	चौध लाख उन्पचास हजार दुई सय पैसठ्ठी रुपैयाँ तीस पैसा मात्र।
४	NCB/KRM/13 /076/77	श्री जुनकिरी ईन्डस्ट्रिज प्रालि बुटवल रुपन्देही	रु ५,८१,९१७।०६	पाँच लाख एकासी हजार नौ सय सत्र रुपैयाँ छ पैसा मात्र।

पाल्पा तानसेनको हुलाकचोकमा प्याजको बेर्ना रोज्दै युवा । प्याजको मल्य बढेपछि पाल्पामा प्याज खेतीतर्फ आकर्षण बढ्दो छ

झापाको बाह्रदशी गाउँपालिका-७ डाँगीवारीका किसानको खेतमा ढकमक्क फुलेको तोरी । बाह्रदशी गाउँपालिकाले दलहन र तेलहन खेतीका लागि किसानलाई मल बिउसहित सिँचाइको सुविधा उपलब्ध गराएपछि यहाँका किसान व्यवसायिक खेती गर्न जुटेका छन्

कृषि अनुदानले उद्यमीलाई हौसला

सुशीला रेग्मी

स्याङ्जा । परिवारको आर्थिक अवस्था नाजुक हुँदा स्नातक तह पढ्दै गर्नुभएका रामपुर नगरपालिका-८ बस्ने जगतबहादुर सेनलाई विदेसिनुपर्ने बाध्यता आइलाग्यो । मनमा पढ्ने रहर भए पनि घरखर्च चलाउनै नसक्ने अवस्था सिर्जना भएपछि उनी अध्ययनलाई बीचमै छाडेर विदेशिए । तीन वर्ष विदेश बस्दा खासै कमाउन सकेन्न । जसोतसो विदेश जाँदाको लगानी उठाएर गाउँ फर्किए । गाउँ फर्के लगत्तै बाख्रापालन व्यवसाय थाले । रामपुर नगरपालिकाले अनुदान सहयोग गरेपछि आफू ऊर्जा थपिएको उनले बताए । नगरपालिकाले युवा स्वरोजगार कार्यक्रम अर्न्तगत उनलाई दुई वर्षसम्म तीन लाखको ब्याज अनुदान उपलब्ध गराउने भएको छ । 'बाख्रापालन व्यवसायलाई अगाडि बढाउन नगरपालिकाले अनुदानमा ऋण लगानी गरेपछि व्यवसायमा हौसला मिलेको छ, हाल ५० माउ बाख्रासहित ७० वटा बाख्रा छन्, अब बढाएर १०० भन्दा बढी बनाउने सोच छ,' सेनले भने ।

गाउँमै बसेर व्यवसाय गरियो भने अनुदान पनि पाइने, खेर गएका पाखापखेरा आम्दानीका राम्रा स्रोत बन्ने उहाँको ठम्याइ छ । त्यसैगरी, रामपुर नगरपालिका वडा ५ बस्ने युवक सागर रेग्मीले भैँसीपालन व्यवसायका लागि बैंकबाट आठ लाख ऋण लिएका छन् । बैंकबाट लिएको आठ लाख ऋणको दुई वर्षसम्म नगरपालिकाले ब्याज बुझाइदिने भएपछि काममा जाँगर बढेको रेग्मीले बताए । उनले पनि वैदेशिक रोजगारबाट फर्केर भैँसीपालन व्यवसाय गरेका छन् । 'विदेशबाट फर्केर गाउँमै केही गर्छु भन्ने हामीजस्ता युवाका लागि यो कार्यक्रमले उर्जा थप्ने काम गरेको छ, दुई वर्षसम्म आठ लाखको ब्याज नगरपालिकाले तिरिदिने भएपछि कृषकलाई ठूलो राहत भएको छ,' उनले भने । नगरपालिकाले उपलब्ध गराएको ब्याज अनुदानले फार्म व्यवस्थापन तथा भैँसीमा लगानी गर्ने उनको योजना छ । सेन र रेग्मीजस्ता वैदेशिक रोजगारबाट फर्केका र जान खोजिरहेका युवालाई यो कार्यक्रमले व्यवसाय गर्न सहयोग गरेको छ ।

नगरपालिकाले पहिलो प्राथमिकतामा नयाँ व्यवसाय गर्न चाहने युवालाई राखेको छ भने निरन्तर रूपमा व्यवसाय गरेका युवालाई व्यवसाय सुधार तथा स्तरोन्नतिका लागि दोस्रो प्राथमिकतामा राखेर ब्याज अनुदानका लागि सिफारिश गरेको छ । बाहिरबाट तरकारी, फलफूल, मासु तथा कृषि उपजलाई रामपुर भित्रिन निरुत्साहन गर्न नगरपालिकाले युवा स्वरोजगार कार्यक्रम ल्याएको नगरप्रमुख रमणबहादुर थापाले बताए । 'रामपुर नगरपालिकालाई कृषि र पशुपालनबाट आत्मनिर्भर बनाउने र स्थानीय उत्पादनलाई प्राथमिकता दिने, वैदेशिक रोजगारमा जाने युवालाई गाउँमै बसेर काम गर्न प्रेरणा मिलोस् भन्ने ध्येयले यो कार्यक्रम सुरु गरेका हौं,' नगरप्रमुख थापाले भने ।

नगरपालिकाभित्रका ९२ व्यवसायीले यस कार्यक्रममा आवेदन दिएका थिए । उनीहरूको व्यवसाय अनुमगन तथा मूल्याङ्कन गरेर ३० युवा उद्यमीलाई मात्र छनोट गरिएको प्रमुख प्रशासकीय अधिकृत बाबुराम अर्यालले बताए । नगरपालिका आफैंले कार्यविधि बनाएर युवा उद्यमी छनौट गरी ब्याज अनुदानका लागि सिफारिश गरेको हो । गत आर्थिक वर्ष विनियोजन गरिएको ५० लाख रकमबाट यो वर्ष व्यवसाय गर्न चाहने युवा उद्यमीलाई दुई वर्षसम्मका लागि ऋण अनुदान नगरपालिकाले उपलब्ध गराउने युवा स्वरोजगार कार्यक्रमका सदस्य सचिव तथा नगरपालिकाका सूचना अधिकारी रामहरि पाण्डेयले जानकारी दिए ।

कुखुरा फार्म, भैँसी फार्म, बाख्रा फार्म, गाई फार्म, बंगुर फार्म र आलुको बीउ उत्पादन गर्ने व्यवसायीलाई ऋण अनुदान उपलब्ध गराउन छनोट गरिएको सूचना अधिकारी पाण्डेयले बताए । 'कृषकले समितिले तोकेको कार्यविधि अनुसार व्यवसाय गर्नुपर्नेछ, दुई वर्षसम्म जुनसुकै बैंकबाट ऋण लिए पनि नगरपालिकाले ब्याज अनुदान दिनेछ, एउटा व्यवसायका लागि रु. १२ लाखसम्म बढीमा अनुदान दिइनेछ,' पाण्डेयले भने । अहिले छनोटमा परेका व्यवसायीले रु. दश लाखसम्म बैंकबाट ऋण लिएका छन् । तरकारी, फलफूल खेती, नर्सरी स्थापना वा नवीन कृषि प्रविधिको हकमा व्यक्तिगत कम्तीमा दुई रोपनी जग्गामा एकै खेती वा सामूहिक रूपमा दश रोपनीमा खेती गरेको हुनुपर्नेछ कार्यविधिमा उल्लेख छ । कुखुरापालनका लागि व्यक्तिगत कम्तीमा ५०० कुखुरा र सामूहिक कम्तीमा तीन हजार कुखुरा (लेयर्स जातको हकमा दुई हजार) पाल्ने योजनासहित कुखुरा अट्ने भौतिक संरचना भएको वा सोही संरचना बन्ने जग्गा हुनुपर्नेछ । माछा पोखरीको हकमा व्यक्तिगत दुई रोपनी र सामूहिक दश रोपनीमा हालसालै निर्माण भएको वा निर्माण गर्न सक्ने जग्गा हुनुपर्नेछ ।

बाख्रापालनको हकमा व्यक्तिगत १० माउ र सामूहिक १०० वटा बाख्रा पाल्नुपर्ने, मौरीपालनका लागि व्यक्तिगत २० घार र सामूहिक १०० घार हुनुपर्ने, च्याउ खेतीका लागि व्यक्तिगत तीन डुमहाउस र सामूहिक दश डुमहाउस, बंगुरपालनका लागि व्यक्तिगत पाँच माउ र सामूहिक २५ माउ हुनुपर्ने, गाईभैँसीका लागि व्यक्तिगत पाँच माउ र सामूहिक २० माउ हुनुपर्नेछ । यस कार्यक्रममा २१-५० उमेर समूहका व्यक्तिलाई मात्र समावेश गरिएको छ । चालु आर्थिक वर्षमा पनि नगरपालिकाले युवा स्वरोजगार कार्यक्रमकै लागि ४० लाख रकम विनियोजन गरिसकेको नगर प्रवक्ता तथा आर्थिक विकास समितिका संयोजक हुमनाथ न्यौपानेले बताए ।

सुन्तलामा जरा कुहिने समस्या

सौर्य समाचार

चितवन । जिल्लाका पहाडी क्षेत्रमा लगाइएको सुन्तलामा जरा कुहिने समस्या देखा परेको छ । त्यसका कारण उत्पादनमा कमी आउने कृषि ज्ञानकेन्द्र भरतपुरले जनाएको छ । ज्ञानकेन्द्रका प्रमुख राजन ढकालका अनुसार जिल्लाका अधिकांश सुन्तला बारीमा जरा कुहीने समस्या देखिएको हो । जिल्लामा २१५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिँदै आएको छ । उहाँका अनुसार बिजु बिरुवामा (सुन्तलाको बिउबाट उम्रिएको) कारण यस्तो समस्या आएको हो । लामो समयदेखि एउटै खेती गरिरहँदा माटोमा हुने ढुसीका कारण यस्तो समस्या आउने उनले बताए । इच्छाकामना गाउँपालिका-६ मा यो समस्या धेरै देखिएको उनले जानकारी दिए ।

सुन्तलामा जरा कुहिने समस्या देखिएपछि कार्यालयले आकस्मिक बाली संरक्षण सेवासमेत शुरु गरेको उनले जानकारी दिए । बिजु बिरुवाको ठाउँमा तीनपाते रुट स्टकमा कलमी गरिएका बिरुवाको प्रयोग गर्दा समस्यामा कमी आउने उनको भनाइ छ । कार्यालयले सुन्तलाको बिरुवामा समस्या देखिएपछि किसानलाई सुन्तला काँटछाँट गर्न, सुन्तलामा प्रयोग हुने विषादी बोडोमिक्चर र बोडोपोस्ट बनाउने र प्रयोग गर्ने विधिबारे जानकारी दिने काम गरिरहेको छ ।

सुन्तलामा जरो कुहिने समस्या देखिएपछि तीनदेखि पाँच वर्ष अन्य नगदे बाली लगाएर माटोलाई पुरानो अवस्थामा ल्याउनुपर्ने ढकालले जानकारी दिए । यसले गर्दा माटोमा देखिएका समस्या समाधान हुने उनको भनाइ छ । गत वर्ष एक हजार ६ सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको यस जिल्लामा यस वर्ष भने यही समस्याका कारण उत्पादनमा धेरै कमी आउने उहाँले जानकारी दिए । अहिले कृषकले सुन्तला टिप्ने काम गरिरहेका कारण यति नै घट्छ भन्न नसकिने उनले बताए ।

कर्पोरेट

कुमारी बैंकमा देवः विकास बैंक गाभिने

काठमाडौं । कुमारी बैंक लिमिटेडले राष्ट्रियस्तरको 'ख'वर्गको देव विकास बैंक लिमिटेडलाई प्राप्ती गर्ने भएको छ । बुधबार काठमाडौंमा सम्पन्न एक समारोहबीच उक्त प्राप्तीको (अक्विजिसन) औपचारिक हस्ताक्षर सम्पन्न भएको हो । उक्त प्राप्तिका लागि समझदारी पत्रमा (एमोयू) कुमारी बैंक लिमिटेड र देव विकास बैंक लिमिटेडका तर्फबाट बैंकका संचालक समितिका सदस्य एवं मर्जर समितिका संयोजकद्वय क्रमशः कृष्णप्रसाद ज्ञवाली तथा भरतबहादुर हमालले हस्ताक्षर गरे । सो समारोह दुवै बैंकका अध्यक्ष, संचालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका उच्च व्यवस्थापनका पधादिकारीहरूमाझ सम्पन्न भएको छ ।

यसपश्चात् बैंकको चुक्ता पुँजी १२ अर्ब ५० करोडभन्दा बढी, निक्षेप १२० अर्ब तथा ऋण लगानी १०५ अर्ब भन्दा अधिक हुने भएको छ । यसैगरी, बैंकको शाखा सञ्जाल २०० भन्दा अधिक हुने भएको छ । बैंकको आन्तरिक वित्तीय, मानव संशोधन, प्राविधिक एवं अन्यक्षमताअभिवृद्धि हुनुका साथै राष्ट्रिय बैंकिङ तथा वित्तीय प्रणालीको संवर्धन भई सोप्रति सर्वसाधारणको विश्वसनीयतामा अभिवृद्धि पुग्नेमा बैंक विश्वस्त छ ।

कविलास रिसोर्टको छुट सेवा

काठमाडौं । सरकारले हालै भ्रमण वर्ष २०२० को भव्य रूपमा

प्रालिले आकर्षक सुविधा र छुटसहित सेवा आरम्भ गरेको छ । राजधानीस्थित सञ्चार केन्द्र नेपालको हलमा कविलास रिसोर्ट एन्ड फनपार्क प्रालिले पत्रकार सम्मेलन मार्फत भ्रमण वर्षलाई लक्षित गरी आफूले प्रदान गर्ने सेवा सुविधाहरूका बारेमा जानकारी गराएको छ । कार्यक्रममा कविलास रिसोर्ट एण्ड फनपार्क प्रालिका अध्यक्ष बाबुराम उपाध्यायले भ्रमण वर्ष २०२० लाई मध्यनजर गरी आकर्षक छुट र सुविधाको व्यवस्थासहित कविलास रिसोर्ट एण्ड फनपार्क प्रालि स्थापना गरिएको बताए । 'भ्रमण वर्ष २०२० भर यस रिसोर्टले रिसोर्टमा आई रात विताउने ग्राहकहरूको लागि विहानको ब्रेकफास्ट र स्विमिङ निःशुल्क गरिएको र फनपार्कको सबैको खेलमा २० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ'- अध्यक्ष उपाध्यायले बताए ।

अन्य उत्पादन र सम्भावना खासै नभएको तर प्राकृतिक सुरन्दता भएकाले आफूहरूले त्यस ठाउँमा सो रिसोर्ट सञ्चालनमा ल्याएको बताए । सो रिसोर्टमा २०० जनासम्म बस्ने लजिङको सुविधा भएको, पारिवारिक रूपमा बस्न मिल्ने, आफैंले पकाएको खान मिल्ने, ७ वटा पारिवारिक भिल्लाको व्यवस्था, फनपार्क, र वाटरपार्क, स्विमिङ पुलजस्ता आकर्षण सुविधाहरू रहेका बताए । साथसाथै अर्गानिक फार्म हाउस, खेतीपाती, कुखुरा पालन, बाख्रापालन, हाँस, नर्सरीको समेत व्यवस्था भएको अध्यक्ष उपाध्यायले जानकारी गराए । ७५ जनाको समूहमा सञ्चालन भएको यो रिसोर्ट एन्ड फनपार्क २५ बिघा क्षेत्रफलमा बनेको जानकारी गराउँदै अध्यक्ष उपाध्यायले चितवनका प्रसिद्ध शहरहरू टाँडी, पर्सा, भरतपुरलगायत भारतको केही ठाउँहरूको समेत अवलोकन गर्न सकिने हुँदा आफूले त्यस ठाउँमा रिसोर्टको स्थापना गरेको बताए ।

हिमालय मोटरक्सले विद्युतीय बस ल्याउँदै

ELECTRIC BUS

काठमाडौं । हिमालय अर्गनाइजेसन अन्तर्गतको हिमालय मोटरर्क्सले विद्युतबाट सञ्चालन हुने सार्वजनिक बस भित्र्याउने भएको छ । यी सवारी [illegible] १५ सिट देखिका [illegible] र ४३ सिटसम्मका

उत्पादन गर्ने ब्रिक्सन कम्पनीले जनाएको छ । बजारमा ल्याउन लागेको विद्युतीय सवारी अस्ट्रेलियन टेक्नोलोजीद्वारा निर्मित यो सवारीलाई फुल चार्ज गर्न ४ देखि ८ घन्टासम्म लाग्दछ । साथै एक पटक फुल चार्ज गरिसकेपछि एक हजार किलोमिटरसम्म गुडाउन सकिन्छ ।

कम्पनीले मुख्य गरी सार्वजनिक, निजी, पर्यटकीय, स्कूल तथा लामो दूरीमा समेत प्रयोग गर्न मिल्ने र वातावरणमैत्रीसमेत रहेकोले ग्राहकहरूका लागि उपयुक्त हुने विश्वास गरिएको हिमालय मोटरक्सका प्रबन्ध निर्देशक ध्रुव थापाले जानकारी गराए । कम्पनीले ब्याट्रीलाई पुनः रिसाइकल गरी प्रयोग गर्न सकिने साथै ब्याट्रीको ग्यारेन्टी २० वर्ष रहेको थापाले जानकारी दिए ।

प्रभु इन्स्योरेन्सका सिइओको कार्यकाल थप

काठमाडौं । प्रभु इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत (सिइओ) सञ्चित बज्राचार्यको कार्यकाल थपिएको छ । सिइओ बज्राचार्यको पहिलो चारवर्षे कार्यकाल पूरा भई माघ १ गतेदेखि नयाँ कार्यकाल थपिएको हो । लामो समयदेखि प्रभु इन्स्योरेन्समा आबद्ध रहेका बज्राचार्यले आगामी ४ वर्षसम्म कम्पनीको सिइओ पदको कार्यभार सम्हाल्ने छन् ।

सिरहामा सिटिजन्स बैंकद्वारा कम्बल वितरण

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले चिसोका कारण जनजीवन प्रभावित हुँदै गएपछि सिरहा जिल्लाको भवानीपुर गाउँपालिकाको ठाडी टोल, नहरा टोल र लक्ष्मीपुर पटारी गाउँपालिकाका विपन्न निःसहाय व्यक्तिहरूलाई कम्बल वितरण गरेको छ ।

न्यानो कपडाको अभावमा कष्टकर जीवनयापन गरिरहेका गरिब, सीमान्तकृत तथा निःसहाय व्यक्तिहरूलाई सानो पाइला नामक गैरसहकारी संस्थासँगको सहकार्यमा बैंकले सामाजिक उतरदायित्व कार्यक्रमअन्तर्गत १५० थान कम्बल वितरण गरेको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरि फैलिएका आफ्ना ८५ वटा शाखा, ८६ वटा एटिएम र १०३ वटा शाखा रहित बैंकिङ एकाइहरूबाट करिब पाँच लाख ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ ।

कनेक्ट आइपिएसको मासिक कारोबार १० अर्ब नाग्यो

connect IPS
pay direct from bank

काठमाडौं । नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल)ले सञ्चालन गर्दै आएको कनेक्ट आइपिएस ई-पेमेन्ट प्रणालीमार्फत भएका मासिक कारोबार पुस महिनामा १२ दशमलव ०५ अर्बभन्दा बढी पुगेको छ । एनसीएचएलको लागि वैशाख, २०७५ बाट प्रारम्भिक सञ्चालनमा आएदेखि पुसमा हालसम्मको सबैभन्दा बढी कारोबार भएको छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म कनेक्ट आइपिएस ई-पेमेन्ट प्रणालीमार्फत भएको (कारोबार संख्या) ६५०,१४२ रहेको छ जुन सेटलमेन्ट रकममा ४२ दशमलव ४८ अर्ब बराबर रहेको छ । कनेक्ट आइपिएस ई-पेमेन्ट प्रणाली अनलाइन भुक्तानीको एकिकृत प्ल्याटफर्म हो, जसमा अनलाइन फन्ड ट्रान्सफर, पेमेन्ट प्रोसेसर (गेटवे), केन्द्रिय कार्ड/बिल भुक्तानीलगायतका सुविधा

भारतका पूर्वकप्तान महेन्द्र सिंह धोनी भारतीय क्रिकेट बोर्ड (बीसीसीआई) को कन्ट्रयाक्ट खेलाडीको सूचीबाट बाहिरिएका छन्

बुधबार राति भएको खेलमा पीएसजीले मोनाकोलाई ४-१ गोलको फराकिलो अन्तरले पराजित गरेको हो

पुलिस एमएम कपको फाइनलमा

सौर्य समाचार

सुनसरी । स्पिनर सागर ढकालले उत्कृष्ट बलिङ गरेपछि नेपाल पुलिस क्लब सुनसरीको इनरुवामा जारी मनमोहन मेमोरियल राष्ट्रिय एकदिवसिय क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ । बिहीबार सुदूरपश्चिम प्रदेशलाई ९९ रनले हराउँदै पुलिस फाइनलमा पुगेको हो । पुलिसले उपाधिको लागि शनिबार त्रिभुवन आर्मी क्लबसँग खेल्ने छ । आर्मीले पहिलो सेमिफाइनल खेलमा प्रदेश नम्बर ३ त्लाई ६४ रनले हराउँदै फाइनलमा पुगेको थियो । २ सय ३० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम ३३.४ ओभरमा १ सय ३० रनमा अल आउट भयो ।

पाँचौ ओभरको अन्तिम बलमा ललित सिंह भन्डारीले गजेन्द्र बोहरालाई कप्तान मन्जित श्रेष्ठबाट १२ क्याच गराए । अरुण ऐरिलाई ललित नारायण राजवंशीले ६ रनमा क्याच गराउदै सुरुवाती समय दवावमा राखे । १४ औँ ओभरको चौथो बलमा सागर ढकालले ओपनर खडक बोहरालाइ १४ रनमा विकेटकिपर अनिल कुमार शाहबाट स्टम्पिङ आउट गराए । खडकअघि बड्दै सट खेल्ने क्रममा बिट हुन पुगे । खडकले ४० बलमा १ चौका प्रहार गरे ।

१५ औँ ओभरको पाचौँ बलमा ललित नारायाण राजवंशीले लोकेश बमलाई ८ रनमा स्टम्पिङ आउट गराएपछि सुदुरपश्चिमलाई जित टाढिएको थियो । शेर मल्ललाई सागरले शून्यमा एलबीडब्लू आउट गरेपछि सुप पूर्णरूपमा दबाबमा परेको थियो । सागर ढकालले दीपक बोहरा र कप्तान सन्तोष भट्टलाई १ रनमा आउट गरेपछि सुदूरपश्चिम १९.५ ओभरमा ७३(७ को कमजोर अवस्थामा पुगेको थियो ।

आक्रमक ब्याटिङ गरेका किरण ठगुन्नालाई २७ औं ओभरको पहिलो बलमा ललित नारायण राजवंशीले फस्ट सिलिपमा रहेका कुशल भुर्तेलबाट ३९ रनमा क्याच गराएपछि सुदूरपश्चिमको जितको सम्भावना सकिएको थियो ।

किरणले ४६ बलमा २ चौका र ३ छक्का प्रहार गरे । आकश चन्द २६ बलमा १ चौका र १ छक्का सहित १८ रनमा अविजित रहे ।

पुलिसका स्पिनर सागर ढकालले ६.४ ओभरमा १ मेडन सहित ९ रन खर्चेर ५ विकेट लिए । अर्का स्पिनर ललित नारायण राजवंशीले ७ ओभरमा २३ रन खर्चेर ३, योगेन्द्र सिंह कार्की र ललित सिंह भण्डारीले १-१ विकेट लिए ।

त्यसअघि बिहीबार इनरुवा क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको पुलिस ४९ ओभरमा २ सय २९ रनमा अल आउट भएको थियो । तेस्रो ओभरको दोस्रो बलमा स्पिनर शेर मल्लले ओपनर सुनिल धमलालाई १ रनमा दीपक बोहराबाट क्याच गराउँदै पेभेलिएन फर्काए । १२ औं ओभरको चौथो बलमा दीपेन्द्र सिंह ऐरीले ३२ रनमा जीवनदान पाए । ठूलो सट खेलेका दीपेन्द्रलाई लङ अनमा शेर मल्लले क्याच छोडेका थिए ।

त्यसअघि तेस्रो बलमा किरन ठगुन्नाले डाइरेक्ट थ्रो हान्दै स्टम्प ताकेपनी दीपेन्द्र रन आउट हुनबाट बचेका थिए । १४ औं ओभरको चौथो बलमा स्पिनर विनोद लामाले लङ अनमा खडक बोहराबाट ओपनर अमित श्रेष्ठलाई ८ क्याच गराए । दोस्रो विकेटका लागि अमित र दीपेन्द्रले ५४ रनको साझेदारी गर्दै इनिङ उकासे । दीपेन्द्रले व्यक्तिगत ६० रनमा पनि जीवनदान पाए । विनोदकै २३ औं ओभरको तेस्रो बलमा गजेन्द्र बोहराले दीपेन्द्रको क्याच छोडे ।

विनोदको २५ ओभरको अन्तिम बलमा ठूलो सट खेलेका अनिलकुमार शाह ३१ रनमा आकश चन्दबाट क्याच हुँदै पेभिलिएन फर्के । अनिलले ३९ बलमा ४ चौका प्रहार गरे । अनन्तः दीपेन्द्र विनोद लामाकै शिकार बन्न पुगे । २७ औं ओभरको पहिलो बलमा एलबीडब्लू आउट हुनुअघि दीपेन्द्रले ७६ बलमा ६ चौका र १ छक्का सहित ६८ रनमा आउट भए । २८ औं ओभरको दोस्रो बलमा आकशले पवन सरार्फलाई १ रनमा एलबीडब्लू आउट गर्दै सुदुरपश्चमलाई खेलमा फर्काए ।

३५ औं ओभरको चौथो बलमा शेरले कुशल भुर्तेललाइ विकेटकिपर लोकेश बमबाट १७ रनमा स्टम्पिङ आउट गराए । कप्तान सन्तोष भट्टले ३६ औं ओभरको चौथो बलमा योगेन्द्र सिंह कार्कीलाई २९ रनमा बिक्रम ठगुन्नाबाट क्याच गराएपछि पुलिस ठूलो योगफल बनाउन चुकेको हो । योगेन्द्रले ३३ बलमा ३ चौका र १ छक्का प्रहार गरे । तल्लोक्रममा तीब्र गतिका बलर ललित सिंह भण्डारीले ४० बलमा २ चौका र ४ छक्कासहित ४० रन जोड्दै पुलिसलाई बलियो प्रतिस्पर्धात्मक योगफलमा पुर्‍याए । कप्तान मञ्जित श्रेष्ठ र सागर ढकालले ९-९ रन जोडे ।

स्पिनर विनोद लामाले १० ओभरमा ५७ रन खर्चेर ३ विकेट लिए । शेर मल्लले १० ओभरमा १ मेडन सहित ४५ रन खर्चेर ३ विकेट लिए । आकश चन्दले ९ ओभरमा ४७ रन खर्चेर ३ विकेट लिए । सन्तोष भट्टको नाममा १ विकेट रह्यो ।

'ए' डिभिजन लिग

सातौँ चरणका खेल आजदेखि

सौर्य समाचार

काठमाडौं । सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत सातौँ चरणका खेल शुक्रबारदेखि सुरु हुँदै छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा जारी उक्त प्रतियोगितामा एन्फाले जारी गरेको सातौँ चरणको खेल तालिकाअनुसार शुक्रबार मच्छिन्द्र फुटबल क्लबले हिमालयन शेर्पा क्लबसँग खेल्नेछ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने खेल अपराह्न ३ बजेपछि सुरु हुनेछ । मच्छिन्द्र आफ्नो शीर्ष स्थानको अग्रता कायम राख्ने योजनामा छ । यसअघि खेलेको छैटौँ खेलसम्म मच्छिन्द्रले अपराजित रहेर १३ अंक जोडेको छ ।

मच्छिन्द्रले ४ खेलमा जित तथा दुई खेलमा बराबरी खेलेको छ । शेर्पा लिगको पुछारबाट दोस्रो स्थानमा छ । १३औं स्थानको शेर्पाले ६ खेलमा दुई हार र चार बराबरीसहित ४ अंक जोडेको छ ।

त्यसैगरी समान १३ अंकै जोडेको त्रिभुवन आर्मी क्लब दोस्रो स्थानमा छ भने साबिक विजेता मनाङ मर्स्याङ्दी तेस्रो स्थानमा छ । मनाङको १२ अंक छ । छैटौं चरणको खेल समाप्तिसँगै १० अंक जोडेको थ्री स्टार क्लब चौथो, नौ अंक जोडेको जाउलाखेल क्लब पाँचौं, आठ अंक जाडेको न्युरोड टिम (एनआरटी) छैटौं, समान आठ अंक जोडेको नेपाल पुलिस क्लब सातौँ तथा आठ अंक रहेको संकटा क्लब गोलअन्तरका आधारमा आठौँ स्थानमा छ ।

त्यस्तै ७ अंकका साथ ब्रिगेड ब्वाइज क्लब नवौं, ६ अंकका साथ च्यासल युथ क्लब दशौं, ५ अंक रहेको सशस्त्र प्रहरी बल (एपिएफ) एघारौं, समान ५ अंक जोडेको फ्रेन्डस क्लब बाह्रौं स्थानमा छ भने हिमालयन शेर्पा तेह्रौं स्थानमा छ । जारी लिगमा १ अंक मात्र जोडेको सरस्वती युवा क्लब पुछारमा छ ।

आयरल्यान्डसँग वेस्ट इन्डिज पराजित

एजेन्सी

लन्डन । आयरल्यान्डविरुद्धको पहिलो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा घरेलु टोली वेस्ट इन्डिजले नमिठो हार खेपेको छ । बिहीबार बिहान सम्पन्न खेलमा आयरल्यान्डले वेस्ट इन्डिजलाई चार रनले हरायो ।

आयरल्यान्डले दिएको दुई सय नौ रनको विजयी लक्ष्य पछ्याएको वेस्ट इन्डिज २० ओभरमा सात विकेटको क्षतिमा दुई सय चार रनमा समेटिएको थियो । वेस्ट इन्डिजका लागि इभिन लुइसले ५३ रन बनाए । कप्तान केइरन पोलार्डले ३१, मिम्रन हिटमेयरले २८ तथा निकोलस पुरन र रथरफोर्डले २६र२६ रन बनाए । बलिङमा आयरल्यान्डका जोस लिटलले तीन, क्रेग योङले दुई तथा जर्ज डोकरेल र सिमी सिंहले एक-एक विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको आयरल्यान्डले निर्धारित २० ओभरमा सात विकेट को क्षतिमा दुई सय आठ रन बनाएको थियो । आयरल्यान्डका लागि पाउल स्टर्लिङले सर्वाधिक ९५ रन बनाए । केभिन ओ ब्रायनले ४८, ग्रेथ डेनली १९ र गैरी विल्सनले १७ रन बनाए ।

वेस्ट इन्डिजका सेल्डोन कोट्रेल, खारी पिएरे र ड्वाने ब्राभोले दुई दुई विकेट लिए । जितसँगै आयरल्यान्डले तीन खेलको सिररिजमा १-० को अग्रता लिएको छ । दुई टोलीबीचका दोस्रो खेल शनिबार र तेस्रो खेल आइतबार हुनेछ ।

आर्मी र आरजी ग्रुप भिड्ने

सौर्य समाचार

काठमाडौं । पाँचौ संकरणको आरबीबी एनभीए राष्ट्रिय महिला-पुरुष भलिबल क्लब च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फको पहिलो खेलमा साविक विजेता त्रिभुवन आर्मी क्लब र आरजी ग्रुपबीच प्रतिस्पर्धा हुने भएको छ ।

त्रिपुरेश्वरस्थित राखेप कभर्ड हलमा शुक्रबारदेखि सुरु हुने प्रतियोगिताको खेल तालिका अनुसार पहिलो खेलमा समूह 'ए' को आर्मीले आरजीलाई प्रतिद्वन्दी पाएको हो । नेपाल भलिबल संघले बिहीबार सार्वजनिक गरेको खेल तालिका अनुसार पुरुषतर्फको दोस्रो खेलमा समूह 'बी' मा रहेको एपीएफले बुलबुले रारा क्लबसँग खेल्नेछ ।

प्रतियोगितामा पुरुषतर्फ ११ टिमको सहभागिता रहेको छ । सहभागी टोलीलाई ४ समूहमा विभाजन गरिएको छ । चार समूहको शीर्ष २ टोली क्वार्टरफाइनलमा स्थान बनाउने छन् । समूह 'ए' मा साविक विजेता आर्मीसँगै आरजी ग्रुप र नयाँबजार सामाजिक युवा क्लब रहेका छन् । समूह 'बी' मा एपीएफसहित बुलबुले रारा क्लब र जावलाखेल भलिबल प्रशिक्षण केन्द्र रहेका छन् ।

त्यस्तै 'सी' समूहमा नेपाल पुलिस क्सँलब, मणिमुकुन्द भलिबल क्लब र पार्वती भलिबल क्लब रहेका छन् । समूह 'डी' मा हेल्प नेपाल स्पोर्टस क्लब र बुद्धटोल युवा भलिबल क्लब रहेका छन् । महिलातर्फ पहिलो दिन एक खेल हुनेछ । जसमा न्यु डायमन्ड क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ । महिलातर्फ ७ टिमको सहभागिता रहेको छ । सहभागी ७ टोलीलाई २ समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा एपीएफ, त्रिभुवन आर्मी, जावलाखेल भलिबल प्रशिक्षण केन्द्र र भरतपुर महानगर रहेका छन् ।

यस्तै समूह 'बी' मा न्यु डायमन्ड क्लब, नेपाल पुलिस र ढोरपाटन स्पोर्ट्स क्लब रहेका छन् । माघ १० गतेसम्म चल्ने प्रतियोगिताको महिला र पुरुष दुवैको विजेताले २ लाख पुरस्कार पाउने छन् । यस्तो दोस्रोले १ लाख र तेस्रोले ५० हजार पाउने छन् ।

महिला र पुरुषको सर्वोकृष्ट खेलाडीले २५/२५ हजार पाउने छन् । यस्तै उत्कृष्ट स्पाइकर, लिब्रो, सरभर,बल्कर, लिफ्टर र प्रशिक्षकले जनही १०/१० हजार पाउने छन् । प्रतियोगिताका लागि हरेक क्लबले ३ विदेशी खेलाडी राख्न पाउने छन् ।

गत संकरणमा पुरुषतर्फ त्रिभुवन आर्मी क्लब र महिलातर्फ एपीएफ क्लबले उपाधि जितेको थियो । प्रतियोगिताका लागि संघले टिकटको व्यवस्था गरेको छ । संघले लिग चरणको खेलमा १०० रुपैयाँ, सेमिफाइनलमा १ सय ५० र फाइनलमा २०० रुपैयाँको टिकट मूल्य तोकेको छ ।

अन्तर्राष्ट्रिय भेट्रान्स फुटबलमा २८ टोली

सौर्य समाचार

कास्की । बगर भाइ खलक नेपालको आयोजनामा पोखरामा सञ्चालन हुने 'तेस्रो रञ्जित गुरुङ स्मृति, नवौं बगर भाइ खलक एट ए साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल' प्रतियोगितामा २८ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् ।

'स्वास्थ्यका लागि एक घण्टा व्यायाम, नागरिकका लागि नौलो आयाम' भन्ने नार ासहित खलकले यही माघ ६ देखि ११ गतेसम्म पोखरा महानगरपालिका-१ स्थित पुरानो टुँडिखेल मैदानमा नवौं संस्करणको अन्तर्राष्ट्रिय भेट्रान्स प्रतियोगिता सञ्चालन गर्न लागेको हो । नेपालका पोखरा, काठमाडौं, वीरगञ्ज, हेटौंडा, चितवन, बुटवल, कैलालीलगायतका शहरबाट पूर्व राष्ट्रिय खेलाडी सम्मिलित टोली तथा भारतको कोलकत्ता र कञ्चनजंगा भेट्रान्सका दुई गरी २८ टोलीले प्रतियोगितामा सहभागिता जनाउने आज आयोजित पत्रकार सम्मेलनमा खलकका अध्यक्ष एवं मूलआयोजक समितिका संयोजक दिलबहादुर गुरुङले बताए ।

अग्रज खेलाडीको सम्मान, समकालीनलाई व्यायाम तथा नयाँ पिँढीलाई खेलकुद र स्वास्थ्यप्रति जागरुक बनाउँदै ४० देखि ६५ वर्ष उमेर समूहका पाका खेलाडीको खेलबाट नयाँ पिँढीलाई खेलकूदप्रति अभिरुचि जगाई भविष्यमा देशका लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्यसहित २०६८ देखि निरन्तर प्रतियोगिता गरिँदै आइएको छ ।

समाजका प्रत्येक क्षेत्रका व्यक्तिलाई स्वास्थ्यप्रति जागरुक बनाइ कम्तीमा पनि दिनमा एक घण्टा आफ्नो स्वास्थ्यका लागि व्यायाम गर्नुपर्दछ भन्ने सन्देश अभियानका रूपमा अघि बढाउनुसमेत प्रतियोगिता आयोजनाको उद्देश्य रहेको गुरुङको भनाइ छ । प्रतियोगिताको विजेताले एक लाख ११ हजार, रनिङ सिल्ड, पदक र प्रमाणपत्र तथा द्वितीय हुनेले ५५ हजार ५५५ पुरस्कार पाउनेछन् ।

सेमिफाइनल प्रवेश गर्ने टोलीलाई १० हजारका दरले पुरस्कार तथा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई समेत १० हजार पुरस्कार प्रदान गरिनेछ । उत्कृष्ट गोल किपर, डिफेन्स, मिडफिल्डर र फरवार्डलाई पाँच हजारका पुरस्कार प्रदान गरिने बताइएको छ । प्रतियोगिता उद्घाटनका अवसरमा पूर्व अन्तर्राष्ट्रिय खेलाडी एवं पूर्वराष्ट्रिय मुख्य प्रशिक्षक खड्कबहादुर रानाभाटलाई खेल क्षेत्रमो योगदान दिएबापत सम्मान गरिने आयोजकले जनाएको छ ।

सातौं संस्करणदेखि आयोजकले पोखरा रत्न एवं खेलकर्मी रञ्जित गुरुङको स्मृतिमा प्रतियोगिता सञ्चालन गर्दै आएको छ । पृथ्वीनारायण क्याम्पसका खेल शिक्षक गुरुङले पोखरामा टेनिस, हकी, बाँस्केटबल, क्रिकेट, फुटबल, भलिबललगायतका खेलकुदको विकासमा योगदान गरेकाले महानगरपालिकाले उहाँलाई पोखरा रत्नबाट सम्मान गरेको थियो । ऐतिहासिक टुँडिखेल मैदान संरक्षण तथा तारजाली लगाउँदै मैदान संरक्षण गर्ने कार्यमा समेत खलकले योगदान गरेको बताइन्छ ।

खलकका अध्यक्ष गुरुङको अध्यक्षतामा सरोकार भएका सम्मिलित उपभोक्ता समितिले हालै १६ लाख २५ हजार ४६९ रुपैयाँ लागतमा मैदानमा तार जाली लगाएको थियो । मैदान संरक्षणमा संस्थाकातर्फबाट एक लाख ५१ हजार सहयोग गरेको बताइन्छ । बगर भाइ खलकमा पूर्वराष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी, खेलकुद पदाधिकारी, खेलप्रेमी एवं विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका व्यक्ति आवद्ध छन् ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी